# पागल-बस्ती उपन्यासमा भाषिक विचलन एक अध्ययन

**संजीव कुमार सिंह**

त्रि. वि. दर्ता नं :- २४४८१-९२

परीक्षा क्रमाङ्क :- २३३०१४७/०६६

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय,

नेपाली भाषा शिक्षा विभागअन्तर्गत

स्नातकोत्तर तह दोस्रो वर्षको

कोर्श नं.ने.पा.शि.५९८ को

आवश्यकता पूरा गर्ने

प्रयोजनका लागि

प्रस्तुत

# शोधपत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग

सिन्धुली बहुमुखी क्याम्पस

ढुङ्ग्रेबास, सिन्धुली

२०६९

# सिफारिस-पत्र

त्रि. वि. शिक्षा शास्त्र सङ्काय सिन्धुली बहुमुखी क्याम्पस शिक्षा स्नातकोत्तर दोश्रो वर्षका छात्रा श्री धनमाया राईले **कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा लेख्नुभएको हो । यस शोधपत्रमा पूर्णरूपले सन्तुष्ट छु । अत : आवश्यक मूल्यांकनका लागि सिफारिस गर्दछु ।

**उप-प्रा.श्री अर्जुनप्रसाद पौडेल**

**नेपाली भाषा शिक्षा विभाग**

**सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली**

**मिति : २० डिसेम्बर २०१२**

# स्वीकृति-पत्र

त्रि. वि. शिक्षाशास्त्र सङ्काय सिन्धुली बहुमुखी क्याम्पसका शिक्षा स्नातकोत्तर तहका विद्यार्थी श्री संजीव कुमार सिंहले **पागल-बस्ती उपन्यासमा भाषिक विचलन एक अध्ययन** नामक शोध पत्र शिक्षा शास्त्र सङ्काय नेपाली शिक्षा स्नातकोत्तर (एम. एड.) तहका निमित्त उपयुक्त भएकोले स्वीकृति गरिएको छ ।

<u>मूल्याङ्कन समिति</u>

१) उप-प्रा. भानुभक्त गुरुङ- विभागीय प्रमुख/शोधनिर्देशक

२) विशेषज्ञ : प्रा.डा. पारसमणि भण्डारी

३) उप-प्रा. देवीप्रसाद सुवेदी

४) उप-प्रा. अर्जुनप्रसाद पौडेल

मिति : २८ जनवरी २०१३

# कृतज्ञताज्ञापन

नेपाली शिक्षण विभाग अन्तर्गत स्नात्तकोत्तर तह द्वितिय वर्ष दोस्रो वर्षको शोध गर्न उत्सुकता भएकोले "पागल-बस्ती उपन्यासको भाषिक विचलन एक अध्ययन" शीर्षकको शोधपत्र तयार पारिएको हो ।

प्रस्तुत शोध पत्र तयार पार्ने शिलशिलामा आफ्नो अमूल्य समय दिई आवश्यक निर्देशन सुझाव र सहयोग गरिदिनुहुने शोधनिर्देशक परम आदरणीय गुरु श्री भानुभक्त गुरुङप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधपत्र तयारी गर्ने क्रममा सहयोग पुर्‍याउनुहुने नेपाली शिक्षा विभागका सम्पूर्ण श्रद्धेय गुरुहरुप्रति समेत आभार व्यक्त गर्दछु । मलाई जन्मदिई सानै उमेरदेखि पढ्नका लागी उत्प्रेरित गरी आवश्यक वातावरण लगायत सम्पूर्णकुराहरु उपलब्ध गराउन समर्थ हुनु भएका मेरा पिता श्री केदारसिंह ठकुरी र माता स्व. लिल कुमारी सिंहप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै शोधकार्यका लागि आवश्यक र समुचित वातावरण उपलब्ध गराई विशेष सहयोग र प्रोत्साहित गर्ने मेरी जीवनसंगिनी सुलोचना सिंहलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

यसैगरी शोध सम्बन्धमा विभिन्न किसिमले सहयोग गरिदिनुहुने श्री सरस्वती उ.मा.वि.का प्र.अ.श्री ध्यानी मण्डल, ध्रुवकुमार कार्की, झम्क प्र. खनाल, गान्धिराज मगर, अमृत ब. हमाल र अर्जुन बरालआदि प्रति आभार व्यक्त गर्दछु । शुद्धसँग यथाशिघ्र समयमै टङ्कन गरिदिनुहुने पोखरेल प्रिन्टिङ्ग प्रेस, दुधौली (सिन्धुली) का भाइ प्रवीण पोखरेललाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्तमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सिन्धुली बहुमुखी क्याम्पस नेपाली शिक्षण विभाग अन्तर्गत अनुसन्धान समितिसमक्ष पेश गर्दछु ।

शोधार्थी

संजिव कुमार सिंह

त्रि.वि. दर्ता नं. - २४४८१-९२

परीक्षा क्रमाङ्कन-२३३०१४७

# शोधसार


शोधशीर्षक – पागल–बस्ती उपन्यासमा भाषिक विचलन एक अध्ययन

शोधकर्ता – संजीवकुमार सिंह

शोधनिर्देशक – भानुभक्त गुरुङ

विभाग/क्याम्पस – सिन्धुली बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग सिन्धुली

शैक्षिक वर्ष – २०६४/०६६

पृष्ठ सङ्ख्या – ११, ४३, २

शोधको प्रक्रिया :

प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत नेपा.शि. ५९८ पाठयाँशको प्रयोजनका लागि तयार पारिएको हो । यस शोधपत्रमा पागलबस्ती उपन्यासमा देखा परेका विभिन्न भाषिक विचलनलाई सूक्ष्म रुपले केलाइएको छ । विचलन के हो ? भन्ने सन्दर्भमा चलनचल्तीबाट, मानकबाट, नमुनाबाट हट्नु नै विचलन भनेका छन् । विचलन विभिन्न प्रकारका भएतापनि यस शोधपत्रमा व्याकरणिक विचलन, कोशीय विचलन र अर्थतात्विक विचलनबाट मात्र पागल बस्ती उपन्यासलाई हेरिएको छ ।

विश्वमा अस्तित्वमा रहेका सम्पूर्ण भाषाहरुको आ–आफ्नै भाषिक व्यवस्था हुने गर्दछ । त्यस भाषालाई व्यवस्थित गर्ने यस्ता नियम वा व्यवस्थालाई व्याकरणिक व्यवस्था भनिन्छ र स्रष्टाले अभिव्यक्तिको क्रममा व्याकरणिक व्यवस्थालाई अर्थात लिङ्ग, वचन ,पुरुष, काल, पदक्रम, वाक्य आदि एकाइहरुमा अतिक्रमण गर्दछ भने त्यसलाई व्याकरणिक विचलन भनिन्छ ।

यस शोधपत्रको चौथो अध्यायमा कोशीय विचलनलाई पनि प्रस्तुत गरिएको छ । कोशमा प्रयुक्त शब्दबाट मात्र स्रष्टाले भाषिक अभिव्यक्ति प्रकटगर्न नसकेमा स्रष्टाले नयाँ शब्दको निर्माण गर्दछ वा पुरानै शब्दलाई नयाँ रुप दिएर प्रयोग गर्दछन् भने त्यसलाई कोशीय विचलन भनिन्छ । यस परिच्छेदमा रौसी, मरो, त्यौहार जस्ता कोशीय विचलनहरु खोजेर राखिएका छन् ।

यस शोधपत्रको पाँचौ अध्यायमा अर्थतात्विक विचलनलाई प्रस्तुत गरिएको छ । भाषिक अभिव्यक्तिको क्रममा अभिधामूलक अर्थ नआएर अन्य विशिष्ट वा व्यञ्जित अर्थ आउनु अर्थतात्विक विचलन हुन्छ । यस अध्यायमा म्याराथन दूरी छिचोलेको छु , हत्केलामा मुटु राखेर शरीरमा एउटा न्यानो गाउन सिउरेर जस्ता अर्थतात्विक विचलनहरु रहेका छन् ।

विचलनले साहित्यिक कृतिलाई पृथक, उत्कृष्ट साथै जीवन्त बनाउँछ यो कुनै अर्थहिन भने हुँदैन ।

## शोधको प्रयोजन :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअर्न्तगत स्नातकोत्तर तह नेपाली दोस्रो वर्षको पाठ्यांश नेपा.शि ५९८ को पूरक प्रयोजनको उद्देश्यले यो शोधपत्र प्रस्तुत गरिएको छ ।

## समस्या कथन :

प्रस्तुत **पागल-बस्ती** उपन्यास आधुनिक नेपाली औपन्यासिक क्षेत्रमा देखिएका सुप्रसिद्ध प्रगतिशील उपन्यासकार सरुभक्तद्वारा लिखित उत्कृष्ट उपन्यास हो । बहुमुखी साहित्यका धनी सरुभक्तले नेपाली साहित्यका नाटक, उपन्यासजस्ता विविध विधामा कलम चलाए पनि प्रगतिशील विचारधाराले ओतप्रोत भएको उपन्यास हो **पागल-बस्ती** ।

नेपाली उपन्यासको फाँटमा प्रगतिशील कथावस्तु बोकेर आएको यस **पागल-बस्ती** उपन्यासमा प्रयोग गरिएको भाषिक विचलनको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधपत्रको प्रमुख समस्या रहेको छ । जसलाई निम्न बुँदाहरूमा देखाउन सकिन्छ ।

१ पागल-बस्ती उपन्यासमा के-कस्ता व्याकरणिक विचलन भएका छन् ?

२ पागल-बस्ती उपन्यासमा के-कस्ता कोशीय विचलन भएका छन् ?

३ पागल-बस्ती उपन्यासमा के-कस्ता अर्थतात्विक विचलन भएका छन् ?

शोधको उद्देश्य :

शोध समस्यामा आधारित रहेको उपन्यासकार सरुभक्तद्वारा लिखित यस पागल-बस्ती उपन्यासको भाषिक विचलनको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहने छ। जसलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिन्छ :

क) पागल-बस्ती उपन्यासमा प्रयुक्त व्याकरणिक विचलनको विश्लेषण गर्नु ?

ख) पागल-बस्ती उपन्यासमा प्रयुक्त कोशीय विचलनको विश्लेषण गर्नु ?

ग) पागल-बस्ती उपन्यासलाई प्रयुक्त अर्थतावित्वक विचलनको विश्लेषण गर्नु ?

**अध्ययनको सीमाङ्कन :**

प्रस्तुत शोधकार्य **पागल-बस्ती** उपन्यासमा प्रयुक्त भाषाशैलीअन्तर्गत भाषिक विचलनको मात्र अध्ययन गरिएको छ। जसलाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ :

क) यस शोधपत्रमा **पागल-बस्ती उपन्यास**को व्याकरणिक विचलननको अध्ययन गरिएको छ।

ख) यस शोधपत्रमा **पागल-बस्ती उपन्यास**को कोशीय विचलनको अध्ययन गरिएको छ।

ग) यस शोधपत्रमा **पागल-बस्ती उपन्यास**को अर्थतात्विक विचलनको अध्ययन गरिएका छ।

**शोधपत्रको रूपरेखा**

यस शोधपत्रलाई ६ अध्यायमा विभाजन गरिएको छ। ती अध्यायहरूलाई विभिन्न शीर्षक-उपशीर्षकहरूमा छुट्याइएको छ। शोधपत्रको अन्तिम रूपरेखा निम्नानुसार रहेको छ :

१. पहिलो अध्याय: शोधको परिचय

२. दोस्रो अध्याय: शैली विज्ञानको परिचय

३. तेस्रो अध्याय: **पागल-बस्ती उपन्यास**को ब्याकरणिक विचलनको अध्ययन

४. चौथो अध्याय: **पागल-बस्ती उपन्यास**को कोशीय विचलनको अध्ययन

५. पाँचौँ अध्याय: **पागल-बस्ती उपन्यास**को अर्थतात्विक विचलनको अध्ययन

६. छैठौँ अध्याय: निष्कर्ष

(अ) सन्दर्भसूचि

# विषय सूची


| विषय | पेज नं |
|---|---|
| १.१. शोधको शीर्षक | १ |
| १.२. शोध प्रयोजन | १ |
| १.३. शोध समस्या | १ |
| १.४. शोधको उद्देश्य | १ |
| १.५. पूर्वकार्यको समीक्षा | १ |
| १.६. अध्ययनको महत्व | ४ |
| १.७. अध्ययनको सीमाङ्कन | ५ |
| १.८. सामग्री संकलन, अध्ययन र विश्लेषण | ५ |
| १.९. शोध विधि | ५ |
| १.१०. शोधपत्रको रूपरेखा | ५ |

दोस्रो परिच्छेद - कृति विश्लेषण गर्ने शैलीवैज्ञानिक आधार

| | |
|---|---|
| परिचय | ७ |
| २.१ शैलीको परिचय | ७ |
| २.२ शैलीविज्ञानको परिचय | १० |
| २.३ शैलीविज्ञानको पृष्ठभूमी र सैद्धान्तिक स्वरुप | १५ |
| २.४ कृति विश्लेषणका शैलीवैज्ञानिक आधार | २० |

२.४.१ साहित्यिक संरचना २१

२.४.२ भाषा संरचना २१

२.४.३ शैली २२

२.४.४ विचलनका प्रकार २५

२.५ सारांश २६


तेस्रो अनुच्छेद - पागल-बस्ती उपन्यासको व्याकरणिक विचलन अध्ययन


३.१ व्याकरणिक विचलनको परिचय २८

१ लिङ्गगत विचलन ३०

२ वचनगत विचलन ३०

३ आदरगत विचलन ३०

४ कालगत विचलन ३०

५ पुरुषगत विचलन ३०

६ क्रियागत विचलन ३१

७ पदक्रमगत विचलन ३१

८ वाक्यका घटकको लोपसम्बन्धि विचलन ३२


चौथो परिच्छेद - पागल-बस्ती उपन्यासको व्याकरणिक विचलनको अध्ययन


४.१ कोशीय विचलनको परिचय ३४


पाँचौं परिच्छेद - पागल-बस्ती उपन्यासको अर्थतात्विक विचलनको अध्ययन

५.१ अर्थतात्विक विचलनको परिचय ३६

छैठौँ परिच्छेद - निष्कर्ष

६.१ पहिलो परिच्छेदको निष्कर्ष ३९

६.२ दोस्रो परिच्छेदको निष्कर्ष ३९

६.३ तेस्रो परिच्छेदको निष्कर्ष ४०

६.४ चौथो परिच्छेदको निष्कर्ष ४१

६.५ पाँचौँ परिच्छेदको निष्कर्ष ४१

६.६ भावी अनुसन्धान ४१

सन्दर्भसूची ४३

# शोध पत्रभित्र प्रयुक्त चिन्ह र सङ्क्षिप्त शब्द सूची

चिन्ह

| | |
|---|---|
| । | पूर्णविराम |
| , | अल्पविराम |
| “ ” | उद्धरहण |
| : | विसर्ग |
| . | विन्दु |

सङ्क्षिप्त शब्द सूची

त्रि.वि. - त्रिभुवन विश्वविद्यालय

उ.मा.वि. - उच्च माध्यमिक विद्यालय

प्र.अ. - प्रधानाध्यापक

वि.सं. - विक्रम सम्वत्

नेपा.शि. - नेपाली शिक्षा

## अध्याय -१

# शोधको परिचय

## १.१. शोधशीर्षक :

यस शोधपत्रको शीर्षक **पागल-बस्ती उपन्यासमा भाषिक विचलन एक अध्ययन** रहेको छ ।

## १.२. शोधको प्रयोजन :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह नेपाली दोस्रो वर्षको पाठ्यांश नेपा.शि ५९८ को पूरक प्रयोजनको उद्देश्यले यो शोधपत्र प्रस्तुत गरिएको छ ।

## १.३. समस्या कथन :

प्रस्तुत **पागल-बस्ती** उपन्यास आधुनिक नेपाली औपन्यासिक क्षेत्रमा देखिएका सुप्रसिद्ध प्रगतिशील उपन्यासकार सरुभक्तद्वारा लिखित उत्कृष्ट उपन्यास हो । बहुमुखी साहित्यका धनी सरुभक्तले नेपाली साहित्यका नाटक, उपन्यासजस्ता विविध विधामा कलम चलाए पनि प्रगतिशील विचारधाराले ओतप्रोत भएको उपन्यास हो **पागल-बस्ती** ।

नेपाली उपन्यासको फाँटमा प्रगतिशील कथावस्तु बोकेर आएको यस **पागल-बस्ती** उपन्यासमा प्रयोग गरिएको भाषिक विचलनको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधपत्रको प्रमुख समस्या रहेको छ । जसलाई निम्न बुँदाहरूमा देखाउन सकिन्छ ।

१ पागल-बस्ती उपन्यासमा के-कस्ता व्याकरणिक विचलन भएका छन् ?

२ पागल-बस्ती उपन्यासमा के-कस्ता कोशीय विचलन भएका छन् ?

३ पागल-बस्ती उपन्यासमा के-कस्ता अर्थतात्विक विचलन भएका छन् ?

## १.४. शोधको उद्देश्य :

शोध समस्यामा आधारित रहेको उपन्यासकार सरुभक्तद्वारा लिखित यस पागल-बस्ती उपन्यासको भाषिक विचलनको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहने छ। जसलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिन्छ :

क) पागल-बस्ती उपन्यासमा प्रयुक्त व्याकरणिक विचलनको विश्लेषण गर्नु ?

ख) पागल-बस्ती उपन्यासमा प्रयुक्त कोशीय विचलनको विश्लेषण गर्नु ?

ग) पागल-बस्ती उपन्यासलाई प्रयुक्त अर्थतावित्वक विचलनको विश्लेषण गर्नु ?

## १.५. पूर्वकार्यको समिक्षा :

नेपाली साहित्य फाँटमा उपन्यास विधाको आफ्नै पहिचान र महत्त्व रहेको छ । वि. सं. १८२७ तिरबाट सुरु भएको उपन्यास विधाले विभिन्न चरण विभिन्न काल, विभिन्न धारा एवम् विभिन्न मोडहरू पार गर्दै आजको आधुनिक अनि नवीनशील्प हासिल गर्न सफल भएको छ । उपन्यास विधाको समीक्षाको स्थितिलाई हेर्दा उपन्यासको विभिन्न कोणबाट अध्ययन विश्लेषण र यसको आधुनिकताको सुरुवातसँगै भएको पाइए तापनि शैलीवैज्ञानिक अध्ययन विश्लेषणको इतिहास भने त्यति लामो छैन । नेपाली उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने कार्यको प्रारम्भ वि. सं. २०५६ सालदेखि भएको पाइन्छ । खासगरी स्नातकोत्तर तहमा तयार गर्नुपर्ने शोधपत्रको प्रयोजनका लागि उपन्यासको शैलीवैज्ञानिक अध्ययन भएको पाइन्छ ।

वासुदेव त्रिपाठीले **विचरण** (२०२८) पुस्तकमा हृदयचन्द्र सिंह प्रधानद्वारा लिखित दुई उपन्यासहरू **स्वास्नी मान्छे** र **एक चिहान**को तुलनात्मक टिप्पणी गर्दै **स्वास्नी मान्छे** उपन्यासभन्दा **एक चिहान** उपन्यास बढी औपन्यासिक बनेको र हृदयचन्द्र सिंह प्रधानको **एक चिहान** उपन्यास उपन्यासको उचाइसम्म पुगेको टिप्पणी गरेका छन् ।

शिक्षाशास्त्र सङ्कायतर्फ वि.सं. २०५६ सालमा शोधकर्ता डी.बी. थापाले विश्वेश्वरप्रसाद कोइरालाको **तीनघुम्ती** उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक ढङ्गले सूक्ष्म अध्ययन गरेपछि शैलीवैज्ञानिक अध्ययनको सुरुवात भएको पाइन्छ । जसमा **तीनघुम्ती** उपन्यासमा प्रयुक्त पात्रहरूको

शैलीवैज्ञानिक ढङ्गले सूक्ष्म अध्ययन गरेको पाइन्छ। उनले फ्रेटागको पिरामिडको आधारमा कथानकको अध्ययन विश्लेषण गरेका छन् ।

शैलीवैज्ञानिक अध्ययनलाई अघि बढाउने क्रममा वि. सं. २०५७ सालमा नीलमणि ढुङ्गेलले **शिरीषको फूल** उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेका छन् । जसमा **शिरीषको फूल** उपन्यासभित्रको विभिन्न पक्षको शैलीवैज्ञानिक अध्ययन गरेको पाइन्छ । खासगरी कथानक चरित्र चयन विचलन र समानान्तरताका आधारमा यस उपन्यासको अध्ययन गरेको पाइन्छ। मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेलको **नेपाली कविता र आख्यान** (२०५७) मा **एक चिहान** उपन्यासको संरचना, चरित्रचित्रण, परिवेश, भाषाशैली, उद्देश्य आदिको आधारमा सङ्क्षिप्त विश्लेषण गर्दै यसमा समाजसुधारका दिशाहरूमा प्रगतिवादी दृष्टिकोण प्रस्तुत भएको कुरा चर्चा गरिएको छ ।

मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा वि.सं. २०५८ सालमा दुर्गाप्रसाद दाहालले **नरेन्द्र दाइ** उपन्यासको सर्वप्रथम शैलीवैज्ञानिक अध्ययन गरेका छन्। **माइतीघर** उपन्यासको अध्ययनको क्रममा शब्द चयन, वाक्य चयन, बिम्व, प्रतीकजस्ता विभिन्न चिन्ह, अलङ्कार र समानान्तरताको चर्चा गर्दै उपन्यास यथार्थवादी हुँदाहुँदै पनि आदर्शका धरातल छाड्न नसकेको कुरा प्रष्ट पारेका छन् ।

वि.सं. २०६१ सालमा शोधार्थी रामचन्द्र खनालले **मुगलान उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरेका छन्। उनले पनि फ्रेटागको पिरामिडलाई आधार मानी कृतिको विश्लेषण गरेका छन्। विभिन्न ६ अध्यायमा सङ्गठित गरिएको यस शोधपत्रमा कथानक, चरित्रको साथमा भाषिक चयन, विचलनयुक्त भाषिक प्रयोग, अग्रभूमिको सवलीकृत प्रयोग, आकर्षण अन्तर्पात्रीय संरचनालाई विश्लेषण गरिएको छ। त्यसैगरी ऋतुराज धमलाले २०६१ सालमै **पारिजातको अनिँदो पहाडसँगै उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरेका छन्। कथानकको आधारमा अनिँदो पहाडसँग उपन्यासको विश्लेषण गर्ने, चरित्र र चयनका आधारमा उक्त उपन्यासको विश्लेषण गर्ने, विचलन र समानान्तरका आधारमा उक्त उपन्यासको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित यस शोधपत्रमा विचलन र समानान्तरताका आधारमा भाषिक प्रयोगको चर्चा पनि गरिएको पाइन्छ ।

त्यसैगरी २०६३ सालमा भवानीराम शर्माले ध्रुवचन्द्र गौतमको प्रयोगवादी उपन्यास **अलिखितको शैलीवैज्ञानिक अध्ययन** गरेका छन्। यस अध्ययनमा शर्माले उक्त उपन्यासमा प्रयुक्त भाषा, भाषिक विचलन, कथानक आदिको गहिरिएर विश्लेषण गरेको पाइन्छ। २०६३ सालमै कविता

पन्थीले **बसाइँ उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरेकी छिन् । जसमा बसाइँ उपन्यासमा प्रयुक्त भाषिका, आञ्चालिकतका, बिम्वप्रतीक तथा समानान्तरता आदिको विश्लेषण गरेको पाइन्छ। शैलीवैज्ञानिक अध्ययन परम्परालाई अगाडि बढाउने क्रममा २०६३ सालमै छवि नेपालले लङ्गडाको साथी उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेका छन्। यस उपन्यासको झिनो कथानकलाई फ्रेटागको पिरामिडको आधारमा मानवीय र मानवेत्तर चरित्रहरूको शैलीवैज्ञानिक अध्ययन गरेका छन् । त्यस्तै २०६३ सालमै शोधार्थी टीकाराम पौडेलले **रूपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरेका छन् । यसमा पनि फ्रेटागको पिरामिडको आधारमा उपन्यासभित्रको कथानक भाषा र शैलीको विश्लेषणात्मक अध्ययन गरेका छन् । यसैक्रममा २०६३ सालमै सुमित्राकुमारी बस्नेतले **बाँच्ने एउटा जिन्दगी उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरेकी छिन् । यसरी हेर्दा २०६३ सालमा सबैभन्दा बढी उपन्यासको शैलीवैज्ञानिक अध्ययन भएको पाइन्छ । २०६४ सालमा पनि केही उपन्यासको शैलीवैज्ञानिक अध्ययन भएको पाइन्छ । जसमध्ये थमनबहादुर खत्रीले **सुकरातका पाइला उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरेका छन् । उनले उपन्यासभित्रका कथानक पात्र भाषिक चयन विचलन र समानान्तरता आदिको शैलीवैज्ञानिक अध्ययन गरेका छन् । त्यसैगरी २०६४ सालमै कल्पना ढकालले **लैनसिंह वाङ्देलको मुलुकबाहिर उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरेकी छिन् । उनले शैली विज्ञानको आधारमा कथानक चरित्र चयन, विचलन र समानान्तरता आदिको सूक्ष्म अध्ययन गरेकी छिन् । त्यसै गरी २०६४ सालमा चन्द्रकान्त पहाडीले **लीलबहादुर क्षेत्रीद्वारा लिखित बसाइँ उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरेको छ। उनले शैलीवैज्ञानिक तवरले गरिने विश्लेषणका विभिन्न आधार मध्य भाषिक आधारलाई चयन, विचलन र समानान्तरता जस्ता कार्यको कशीमा राखेर हेरिएको पाइन्छ। त्यसै गरी २०६६सालमा भानुभक्त गुरुङले ध्रुवचन्द्र गौतमद्वारा लिखित **दुबिधा उपन्यासको भाषिक विचलन अध्ययन** गरेको पाइन्छ। २०६७ मा प्रशिद्धा शर्माले **समरगाथा उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गर्नुभएको छ। उनले व्याकरणिक, कोशीय र अर्थतात्विक विचलनको सूक्ष्म अध्ययन गरेको छ। यसरी नेपाली साहित्यको उपन्यास विधाको शैलीवैज्ञानिक अध्ययनको शिलशिला विकसित हुने क्रममा छ । वर्तमान समयको उत्तरार्धतिर देखा परेको शैलीवैज्ञानिक अध्ययन परम्परामा थोरै मात्र कृतिहरूको शैलीवैज्ञानिक अध्ययन भएको पाइन्छ । नवीन किसिमको प्रक्रिया र शैली रहेको यस अध्ययन पद्धतिमा सबै औपन्यासिक कृतिहरूको अध्ययन हुनुपर्ने देखिन्छ। जसले गर्दा कुनै पनि औपन्यासिक कृतिको कथानक पात्र, भाषा, प्रवृत्ति र सिद्धान्त आदिलाई गहनरूपले विश्लेषण गर्न सकियोस् र त्यसै अनुरूप प्रभावकारी ढङ्गले शिक्षण गर्न सकियोस् ।

### १.६. अध्ययनको महत्त्व :

वर्तमान समयमा निकै लोकप्रियता कमाउन सफल उपन्यास विधा आधुनिक युगको गद्य महाकाव्यको रूपमा परिचित बनेको पाइन्छ । परापूर्वकालमा महाकाव्यको जस्तो महत्त्व थियो, वर्तमान समयमा उपन्यासको त्यस्तै महत्त्व पाइन्छ। उपन्यास आफैँमा एक जटिल विधा हो। स्वरूपगत बृहतताका कारण यसको अध्ययन अध्यापनमा कठिनाइ पर्नजान्छ । अतः उपन्यासको सङ्गठित, व्यवस्थित र व्यवहारिक अध्ययन, अध्यापनका लागि यसको शैलीवैज्ञानिक अध्ययन र विश्लेषण महत्त्वपूर्ण हुन्छ ।

उपन्यास साहित्यको नवीनतम विधा मानिन्छ। उपन्यास विधामा हालसम्म गहिरो र व्यापक अध्ययन भएको छैन। यसको अर्थ के भने उपन्यास शिक्षणका लागि आवश्यक पर्ने सैद्धान्तिक आधारहरू तयार भइसकेका छैनन् । त्यसैले शिक्षकहरूले उपलब्ध सीमित आधार र अध्ययन चिन्तनको भरमा उपन्यास शिक्षण गर्नुपर्ने बाध्यता छ (शर्मा, २०४९:१)।

माथिको भनाइबाट के पुष्टि हुन्छ भने नेपाली साहित्यका अन्य विधाहरूको तुलनामा उपन्यास शिक्षण केही चुनौतीपूर्ण काम हो । उपन्यासको संरचनागत वृहतताका कारण उपन्यासशिक्षण अन्य विधाका तुलनामा केही कठिन हुन्छ। त्यसैले उपन्यासशिक्षणका नयाँनयाँ सैद्धान्तिक विधिहरूका बारेमा अध्ययन हुनु आवश्यक छ।

हालसम्म भएका उपन्यासका शैलीवैज्ञानिक अध्ययनहरूमा कृतिकारले परिकल्पना गरेको विषयको गहनता चरित्रका विशेषता चयन सान्दर्भिकता आदिको समग्र अध्ययन भएको पाइन्छ। यी शैलीवैज्ञानिक अध्ययनहरूमा कृतिको कुनै एक पक्षमा खासगरी भाषिक विचलनमा मात्र केन्द्रित भएर गहनतम अध्ययन भएको पाइँदैन। अतः यस शोधपत्रमा उपन्यासका विविध पक्षमध्ये **पागल-बस्ती** उपन्यासमा प्रयोग गरिएको भाषाशैलीअन्तर्गत भाषिक विचलनको मात्र अध्ययन गरिएको छ। कुनै पनि कृति अविचलित रहँदैन र रहन हुन्न पनि । विचलनले नै साहित्यिक कृतिलाई अन्य कृतिभन्दा पृथक बनाएको हुन्छ सजीव एवम् जीवन्त बनाएको हुन्छ। तसर्थ यस शोधपत्रमा **पागल-बस्ती** उपन्यासको भाषिक विचलनको अध्ययन गरिएको छ, जुन अत्यन्त सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ ।

### १.७. अध्ययनको सीमाङ्कन :

प्रस्तुत शोधकार्य **पागल-बस्ती** उपन्यासमा प्रयुक्त भाषाशैलीअन्तर्गत भाषिक विचलनको मात्र अध्ययन गरिएको छ। जसलाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ :

क) यस शोधपत्रमा **पागल-बस्ती उपन्यास**को व्याकरणिक विचलननको अध्ययन गरिएको छ।

ख) यस शोधपत्रमा **पागल-बस्ती उपन्यास**को कोशीय विचलनको अध्ययन गरिएको छ।

ग) यस शोधपत्रमा **पागल-बस्ती उपन्यास**को अर्थतात्विक विचलनको अध्ययन गरिएको छ।

### १.८ सामग्री सङ्कलन, अध्ययन र विश्लेषणः

यस शोधकार्यमा सामग्री सङ्कलनका निम्ति पुस्तकालयीय विधिलाई मूल रूपमा अपनाइएको छ। यसका साथै भाषिक एवम् संरचनात्मक शैलीवैज्ञानिक पद्धतिलाई अङ्गालिएका छ।

### १.९ शोधविधिः

यस शोधपत्रमा पुस्तकालयीय विधिलाई मुल रूपमा अपनाइएको छ। त्यसैगरी सामग्री सङ्कलनपछि  सामग्रीको विश्लेषणात्मक शोधविधी प्रयोग गरिएको छ। साथै प्रस्तुत शोधपत्र **पागल-बस्ती उपन्यास**को भाषिक विचलनसम्बन्धी शैलीवैज्ञानिक अध्ययन भएकाले भाषिक शैलीविज्ञानको विश्लेषणात्मक पद्धतिलाई अङ्गालिएको छ।

### १.१० शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई ६ अध्यायमा विभाजन गरिएको छ। ती अध्यायहरूलाई  विभिन्न शीर्षक-उपशीर्षकहरूमा छुट्याइएको छ। शोधपत्रको अन्तिम रूपरेखा निम्नानुसार रहेको छ :

१. पहिलो अध्याय: शोधको परिचय

२. दोस्रो अध्याय: शैली विज्ञानको परिचय

३. तेस्रो अध्याय: **पागल-बस्ती उपन्यास**को व्याकरणिक विचलनको अध्ययन

४. चौथो अध्याय: **पागल-बस्ती उपन्यास**को कोशीय विचलनको अध्ययन

५. पाँचौं अध्याय: **पागल-बस्ती उपन्यास**को अर्थतात्विक विचलनको अध्ययन

६. छैठौं अध्याय: निष्कर्ष

(अ) सन्दर्भसूचि

## दोस्रो अध्याय

# कृति विश्लेषण गर्ने शैलीवैज्ञानिक आधार

## परिचय

कुनै पनि कृतिको वस्तुपरक मूल्याङ्कन तथा विश्लेषण गर्ने आधार शैलीवैज्ञानिक पद्धति हो । कृति विश्लेषणलाई वैज्ञानिक, वस्तुपरक र वर्णनात्मक बनाउन शैलीवैज्ञानिक पद्धतिको प्रयोग गरिएको हुन्छ । शैलिविज्ञान साहित्यिक समालोचनाको नविनतम् विधा हो । समालोचनाका फाँटमा यो भाषाबादी सिद्धान्त र पद्धतिका रूपमा देखा परेको छ । कृति विश्लेषणमा शैलिवैज्ञानिक अध्ययन पद्धतिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले यस अध्यायमा शैलिविज्ञानसँग सम्बिन्धित शैलीको परिचय, शैलीविज्ञानको परिचय, शैलीविज्ञानको सैद्धान्तिक स्वरूप र कृति विश्लेषणको शैलीवैज्ञानिक आधारको अध्ययन गरिएको छ ।

## २.१ शैलीको परिचय

नेपाली भाषामा प्रचलित ‘शैली’ शब्द तत्सम् शब्द हो । जुन संस्कृतको ‘शिल’ शब्दबाट भएको हो । ‘शी’ धातुमा ‘लक’ प्रत्ययको योगबाट ‘शील’ शब्द व्युत्पन्न भएको मानिन्छ । जसको अर्थ **माध्यन्दिनी संहिता**मा अञ्जन विधाका देवताका रूपमा, **प्रदीप टीका**मा यसको प्रयोग स्वभावका रूपमा र **धातुपाठ**मा यसको प्रयोग एकाग्र हुन वा अभ्यास हुन भनी स्वीकार गरिएको छ ।

ल्याटिन भाषाको Style बाट अङ्ग्रेजीमा आएको Style बाट रूपान्तरण भएर आधुनिक आर्य भाषामा शैली शब्द प्रचलित भएको पाइन्छ । ल्याटिन भाषामा Style को प्रयोग मइनमाथि लेख्न बनाइएको हाड वा धातुको कलम भन्ने अर्थमा गरिएको पाइन्छ ।

नेपाली भाषामा प्रचलित शैली शब्द संस्कृतको ‘शील’ धातुबाट बनेको हो । यो शब्द आधुनिक समालोचनाका क्षेत्रमा निकै प्रचलित हुँदै आएको छ ।

अङ्ग्रेजी भाषामा स्टाइल भनिने 'शैली' शब्द ल्याटिन भाषामा स्टिलसको नामले परिचित थियो । कालान्तरमा गएर अर्थ परिवर्तन भएर स्टाइल शब्द परिपाटी, ढाँचा, तरिका, शैली आदिका अर्थले रुढ हुन पुगेको देखिन्छ (सिप्ले, जेटी : १९७०: ३१४) ।

संस्कृत भाषामा शैलीलाई रीति भनेर पुकारेको पाइन्छ । रीतिको प्रतिस्थापनकर्ता आचार्य वामन मानिन्छन् । अमरकोशमा पनि शील शब्दको अर्थ भेटिन्छ । शिल स्वाभाने सद्बुते शील शब्दले स्वभाव, असल आचरण र चालचलनलाई जनाउँछ (जोशी, २०५०:१३८) ।

नेपाली बृहत शब्दकोष (२०४०) मा शैली भन्नाले विशेष किसिमको काम गर्ने प्रणाली ढाँचा वा पद्धति हो भनी उल्लेख गरिएको पाइन्छ । शैली के हो ? भन्ने विषयमा यसका विवेचकहरूबिच प्रशस्त मतभिन्नता रहेको पाइन्छ । व्यक्तिपिच्छे फरकफरक ढङ्गले परिभाषित गरिएको शैलीको परिभाषा सामान्यतया लेखकीय, लेखककेन्द्री, रचनाकेन्द्री, स्रोतकेन्द्री वा पाठककेन्द्री रहेको देखिन्छ । नेपाली भाषाका वरिष्ठ समालोचक मोहनराज शर्माले शैलीलाई मूलतः निम्नलिखित अवधारणाका आधारमा चिनाएका छन्:

**शैली चयन हो ।**

अभिव्यक्तिका क्रममा उपलब्ध विकल्पहरूमध्ये एकलाई छान्ने काम चयन हो । भाषाका वर्ण, व्याकरण तथा अर्थ तिनवटै व्यवस्थामा उपयुक्त आइटमको चयनबाट रचना आकर्षण बन्दछ । त्यसैले चयन शैलीको सर्जक हो । लियो हिप्की शैलीलाई भाषिक अभिलक्षणहरूको चयनको परिणाम मान्छन् (शर्मा, २०५९:२७)।

**शैली विचलन हो ।**

शैली मानक विचलन हो । यो भाषाको मानक रूपको अतिक्रमण र उल्लङ्घन हो । भाषाका विविध स्तर तथा क्षेत्रमा मानकरूपको उल्लङ्घनबाट कृतिमा सौन्दर्य थप्न सकिन्छ । सिर्जनाका समयमा स्रष्टाका कल्पना, भावना तथा संवेगहरू रुढ भाषिक प्रयोगमा व्यक्त हुन नसक्ने स्थितिमा मान्य भाषिक व्यवस्थालाई भत्काई भाषिक पुनः सिर्जनाको कार्य गरिन्छ । यही स्थितिमा नै विचलनले कृतिलाई विशिष्ट र आकर्षक तुल्याउँछ । एल स्टिजरले शैलीलाई मानकबाट विचलनको

रूपमा लिएका छन् । त्यस्तै टी तोदोरोभले शैलीलाई मानकको अतिक्रमण र उल्लङ्घनका रूपमा मानेका छन् (शर्मा, २०५९:२७) ।

**शैली चयन र संयोजन हो ।**

शैली स्रष्टाद्वारा उपलब्ध विकल्पहरूबाट उद्देश्यअनुरूपको चयन र त्यसको उचित संयोजनबाट अभिव्यक्तिमा ल्याइने विशिष्टता हो । एकैखाले आइटमहरूबाट कुनै एकलाई छनौट गरी आख्यानले आइटमहरूसँगको सहप्रयोगबाट अभिव्यक्तिलाई खास स्वरूप दिइन्छ । यही नै शैली हो । मिल्स माइल्सका अनुसार शैलीले चयनलाई अपरिहार्य तुल्याउँछ । यसले कथ्य र अभिव्यक्ति दुवै स्तरमा सामग्री छान्ने र त्यसको संयोजन गर्ने कार्य गर्दछ (शर्मा,२०५९: २८) ।

**शैली कथ्य र रूप दुवै हो ।**

शैली कथ्य र रूप दुवै पक्षमा रहने विशिष्टता हो । यो कथ्य र रूप दुवैको अन्विति हो । नोमिचेन्कोका अनुसार शैली कथ्य र रूप दुवैका विशिष्ट अभिलक्षणहरूको उद्घाटन गर्ने कृतिको विलक्षणता हो (शर्मा,२०५९: २८) ।

**शैली भाषा हो ।**

भाषा भावभिव्यक्तिको माध्यम हो । भाषाको माध्यमबाट नै स्रष्टा आफ्ना अभिव्यक्तिलाई कलात्मक रूपमा प्रस्तुत गर्दछ । भाषामा रहने वैविध्यको उपयोगबाट कृतिलाई प्रदान गरिने विशिष्टता नै शैली हो । ज्योफ्री एन. लीच शैली पाठसँग सम्बद्ध भाषिक अभिलक्षणहरूको कुल योग मान्दछन्  (शर्मा, २०५९: २९) ।

**शैली अर्थ हो ।**

शैली अर्थ प्रस्तुतीको विशिष्टता हो। मिखाईल रिफातियार शैलीलाई कृतिको भाषिक संरचनाद्वारा सम्प्रेषित सूचनाको अभिव्यञ्जनात्मक, प्रभावपूर्ण र सौन्दर्यमूलक अर्थचापका रूपमा शैलीलाई परिभाषित गर्दछन् । यो कृतिमा अर्थको अभिव्यक्ति पद्धति हो (शर्मा, २०५९: २९) ।

**शैली कौशल हो ।**

भिरमुन्स्कीका अनुसार शैली कृतिको रचना विशेषका क्रममा नियोजित कौशलहरूको अन्विति हो (शर्मा,२०५९ : २९) । आफ्नो विचारमा सौन्दर्यात्मक मूल्य समेत रहने गरी त्यसलाई कृतिको रूप दिने क्रममा स्रष्टाद्वारा अपनाइने रणनितिको समग्र रूपनै शैलि हो भन्ने मान्यता यस दृष्टिमा रहेको छ। रचनाकारको यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाइको सौन्दर्यबोधक सञ्चय हुन्छ र मानकका दृष्टिबाट विचलन पनि हुन्छ (शर्मा, २०५९:३०) ।

प्रयोगात्मक नेपाली शब्दकोष (२०६३) मा शैली भन्नाले कुनै कार्य वा गतिविधिको ढङ्ग वा रीति भनि उल्लेख गरिएको छ ।

## २.२ शैलीविज्ञानको परिचय

अभिव्यक्तिको क्रममा अभिव्यक्ति दिने व्यक्तिले गर्ने शब्द र वाक्य संरचना नै शैली हो। यस्ता शैलीहरू सम्बन्धि वस्तुगत अध्ययन गर्ने शास्त्रलाई शैलीविज्ञान भनिन्छ (गौतम, २०६१ : २०) ।

शैलीविज्ञान शब्द अङ्ग्रेजी भाषाको Stylistics को नेपाली रूपान्तरण हो। अङ्ग्रेजीको Style dist र ies जोडिएर यो शब्दको निर्माण भएको पाइन्छ। नेपाली भाषामा शैली र विज्ञान शब्दबिच समास भएर बनेको शब्द शैलीविज्ञान हो। उन्नाइसौँ शताब्दीको प्रारम्भदेखी जर्मनीमा Stylistic शब्दको प्रयोग भएको पाइन्छ ।

त्यसैगरी सन् १८७२ मा फ्रेन्च भाषामा Stylistique शब्दको प्रयोग भएको पाइन्छ। अङ्ग्रेजीमा चाहिँ १८८२ मा सर्वप्रथम Stylistics शब्दको प्रयोग भएको पाइन्छ। शैलीविज्ञानको

सामान्य अर्थले शैलीको अध्ययन गर्ने विज्ञान भन्ने बुझिन्छ भने अर्थले भाषाको माध्यमबाट गरिने वस्तुनिष्ट आलोचना प्रणाली भन्ने बुझिन्छ ।

शैली भनेको विशिष्ट किसिमको भाषिक प्रयोग हो । भाषाको ललितकलात्मक प्रयोग भएको विधालाई साहित्य भनिन्छ। यहाँ शैली भन्नाले भाषिक कलाका रूपमा रहेको साहित्य नै भन्ने बुझिन्छ भने शैलीविज्ञान भन्नाले त्यसै भाषिक कला वा साहित्यको विवेचना र विश्लेषण गर्ने नियम संहिता भन्ने बुझिन्छ (भण्डारी, २०५४ : ५७) ।

शैलीले भाषामा अभिव्यक्तिका विविध ढङ्गबाट जनाएको हुन्छ। विषय, व्यक्ति, प्रयोजन, परिवेश आदिले गर्दा शैलीको भिन्नता आउँछ। भाषाको अभिव्यक्ति वा सङ्कथनमा पाइने यस्तै शैलीगत विविधतासम्बन्धि भाषावैज्ञानिक अध्ययनलाई शैलीविज्ञान भनिन्छ (अधिकारी, २०६२ : १६१) ।

शैलीविज्ञान कुनै पनि साहित्यिक रचनाको भाषावैज्ञानिक पद्धतिबाट गरिने विशिष्ट र सुक्ष्म विश्लेषणमा आधारित अध्ययन हो, जुन वस्तुपरकता साथ कृतिकेन्द्रिततामा आश्रित हुन्छ (लम्साल, २०६३ : ९३) ।

वैज्ञानिक ढङ्गले शैलीको अध्ययन गर्ने विधा नै शैलीविज्ञान हो। शैलीविज्ञान शैली र विज्ञानको मेलबाट निर्मित शब्द हो । केही विद्वानहरू शैलीविज्ञानलाई साहित्यलोचनाको सिर्जनात्मक पद्धति मान्दछन् (मिश्र, सन् १९७३ : २२) ।

शैलीविज्ञान साहित्यमा भाषा प्रयोगका ढङ्गले वैज्ञानिक अध्ययन गर्दछ। भाषामा निश्चित व्यवस्था हुन्छ। कथ्यभाषामा अन्तर्निहित नियमको सिर्जनात्मक प्रयोग गरिएको छ भन्ने कुरा हेर्ने प्रविधि नै शैलिविज्ञान हो । यस विज्ञानले भाषाविज्ञान र व्याकरणबाट साधन र कसौटीहरू आधार स्वरूप ग्रहण गरेर कृतिको शैलीगत अध्ययन र विश्लेषण गर्दछ। भाषाविज्ञानको सहयोग लिएर साहित्यको शैलीपरक अध्ययन गर्ने विधा नै शैलीविज्ञान हो, जसको पद्धति भाषापरक र कलापरक छ (नेपाल, सन् १९९२ : ३२) ।

शैलीविज्ञानका परिभाषालाई हेर्दा विद्वानहरूको फरक-फरक मत अगाडी आएको पाइन्छ। शैलीविज्ञानका बारेमा विद्वानले दिएको निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ ।

क) जी.एन. लिचले **अ लिङ्ग्वीस्टिक गाइड टु इङ्लिस पोयट्री** नामक पुस्तकमा शैलीविज्ञान साहित्यिक शैलीको मात्र अध्ययन हो, अझ स्पष्ट शब्दमाभन्दा साहित्यमा भाषा प्रयोगसम्बन्धी अध्ययनलाई शैलीविज्ञान भनिन्छ भनी परिभाषित गरेका छन् (दाहाल, २०६१:८) ।

ख) टर्नरका अनुसार शैलीविज्ञान भाषाको त्यो क्षेत्र हो, जुन भाषाका विविध प्रयोगहरूको अध्ययन र विश्लेषणमा केन्द्रित हुन्छ (लम्साल, २०६२: ९२) ।

ग) रेन वेलेकका अनुसार शैलीविज्ञानले सबै प्रकारका भाषिक ज्ञानहरूका साथै कल्पनात्मक साहित्यिक कृतिहरूमा शैलीको अध्ययन गर्दछ । उनी संरचनाको सम्पूर्ण वा त्यसको आणविकता दुवै दृष्टिहरूबाट उपयोगी सौन्दर्यजनक तत्त्वको विश्लेषणलाई शैलीविज्ञानको विषय ठान्दछन् ( दाहाल, २०६१: ९) ।

घ) इन्साइक्लोपेडिक डिक्सनरी अफ अप्लाईड लिङ्ग्वीस्टिकका अनुसार शैलीविज्ञान एउटा सामान्य पद हो, जसअर्न्तगत कुनै व्यक्ति वा सामाजिक समूहले कुन आधारमा भाषासम्बन्धि छनोट गर्छ ती कारकहरूको अध्ययन गरिन्छ (ऐजन) ।

ङ) रिकाटेअरले शैलीविज्ञानको सन्दर्भमा समस्टि सन्दर्भको अवधारणा प्रस्तुत गर्दै भाषाभिव्यक्ति व्यक्ति (भाषाको प्रयोग) का चारैतिर व्याप्त सन्दर्भलाई महत्त्वपूर्ण स्थान दिएका छन् (ऐजन) ।

च) आर फर्नेण्डिज रेटमरका अनुसार शैलीविज्ञान भाषाको त्यस्तो तत्त्वको अध्ययन हो, जुन तर्कातीत हुन्छ (ऐजन) ।

छ) विडोसनका अनुसार साहित्यिक र सङ्कथनको भाषावैज्ञानिक अध्ययनलाई शैलीविज्ञान भनिन्छ ( गौतम, २०६१ : २०) ।

ज) रकैया हसनका अनुसार शैलीविज्ञान साहित्यको भाषाको अध्ययनसँग सम्बद्ध ज्ञानानुसान हो ( ढुङ्गेल र दुर्गाप्रसाद, २०६१: १६४) ।

झ) चार्ल्स बालीका अनुसार शैलीविज्ञानका पाठले ती प्रभावपरक तत्त्वलाई त्यससँग पारस्परिक विश्लेषण गर्दछ जसका ती अङ्गहरू हुन् (ऐजन) ।

ञ) इन्डिगो डिक्सनरी अफ लिटरेटी टर्म्सकाअनुसार एउटा लेखकको विशिष्ट तरिकालाई शैली भनिन्छ । जसअर्न्तगत शब्दचयन वा शब्दव्यवहार, गुण, औपचारिकताको सीमा, आलङ्गरिक

भाषा, लय, व्याकरणिक संरचना, वाक्यको लम्बाइ, सङ्गठन र लेखाईका अन्य सबै खालका भाषिक प्रयोग सम्बन्धि विशेषताहरू पर्दछन (ऐजन)।

ट) लङ्म्यान डिक्सनरी अफ अप्लाईड लिङ्ग्विस्टिकका अनुसार शैली विज्ञानले भाषा प्रयोगको विविधताको अध्ययन गर्दछ जुन परिस्थितिमा आधारित हुन्छ र लेखक वा वक्ताले पाठक वा श्रोतामा कस्ता प्रभाव उत्पन्न गर्न खोजेको हो त्यसमा आधारित हुन्छ। शैलीविज्ञानले कहिलेकाही बोलीचालीको भाषामाथि अध्ययन वा अनुसन्धान गरे पनि सामान्यतया यो लेख्य भाषा वा साहित्यिक पाठहरूसँग सम्बिन्धित हुन्छ। शैलीविज्ञानले के अध्ययन गर्दछ भने वक्ता वा श्रोताले छनोट गर्दा अन्य छनोट नगरेर खास अभिव्यक्तिहरू नै किन छनोट गरेका हुन्छन् ? (ऐजन)

ठ) अक्फोर्ड डिक्सनरी अफ लिटरेटी टर्म्सका अनुसार शैली विज्ञान आधुनिक भाषाविज्ञानको एउटा शाखा हो, जसले साहित्यिक शैली अथवा वक्ता वा लेखकको गैरसाहित्यिक सन्दर्भमा छनोट गरेका भाषिक अभिव्यक्ति विस्तृत रूपमा विश्लेषण गर्दछ (ऐजन)।

ड) द वेडफोर्ड ग्लोसरी अफ क्रिटिकल र लिटरेटी टर्म्सकाअनुसार शैलीविज्ञान शैलीका आधारमा साहित्यिक कृतिहरूको विश्लेषण गर्ने समालोचनात्मक विधि हो। यसका प्रयोगकर्ताहरूले लेखकहरूको शैलीविज्ञान छनोट, शब्दयोजना वा पदयोजना, वाक्यसंरचना, ध्वनिशास्त्र, शब्दभण्डार, आलङ्गरिक भाषा तथा स्थानगत र चित्रमय विशेषताहरूका आधारमा विश्लेषण गर्दछन। साहित्यिक कृतिहरूको विश्लेषण गर्दा शैलीवैज्ञानिकहरूले सामान्य दैनिक बोलिचालीको भाषा प्रयोग गरेका छन कि परिष्कृत भाषा प्रयोग गरेका छन् ? उनीहरूले प्रयोग गरेका वाक्यहरू सङ्गठित छन कि छैनन् ? यस्तै उनीहरूले के-कस्तो श्रव्यत्यमक चित्रहरूको प्रयोग गरेका छन् ? भन्ने विषयमा विचार गरिन्छ (ऐजन)।

ढ) डेविड क्रिस्टलकाअनुसार शैलीविज्ञान भाषाविज्ञानकै एउटा शाखा हो जसअर्न्तगत भाषाका विशेषताहरूको अध्ययन गरिन्छ जसलाई छुट्टाछुट्टै परिस्थितिमा बिल्कुल बेग्लै किसिमले प्रयोग गरिएको पाइन्छ र यसले ती सिद्धान्तहरू स्थापित गर्ने प्रयास गर्छ जसले व्यक्ति वा सामूहिक समूहहरूले छनोट गरेका हुन्छन् भन्ने कुरा स्पष्ट पार्छ
(ऐजन)।

ण) टोडकाअनुसार शैलीविज्ञानले भाषिक विविधतासम्बन्धि हाम्रो ज्ञानबाट फाइदा उठाउँदा र खास संयोजनहरूको उपयुक्तताका लागि आवश्यक होइन बरु यस्तो सहज ज्ञानलाई सबल पार्ने वा त्यससम्बन्धि अनुसन्धान गर्ने एउटा माध्यम मात्र हो (ऐजन) ।

त) रोनाल्ड कार्टरका अनुसार भाषाका विविध रूपले अध्ययन गर्ने भाषाविज्ञानको प्रयोगलाई शैलीविज्ञान भनिन्छ । यो खासगरी लेखकहरूले गर्ने छनौट प्रक्रियाको विश्लेषणसँग सम्बन्धित हुन्छ (ऐजन) ।

थ) म्याथुजका अनुसार पारस्परिक रूपमा शैलीविज्ञान भनेको भाषागत शैलीको अध्ययन हो जहाँ विभिन्न साहित्यिक एवम् अन्य किसिमका पाठहरूमा प्रयोग विविधताको विषयमा अध्ययन गरिन्छ । हिजोआज सामान्य रूपमा शैलीविज्ञानलाई कुनै पनि यस्ता विविधताको व्यवस्थित अध्ययन मानिन्छ, जुन लिखित वा मौखिक हुन सक्दछ ।

द) रोजर काउलरका अनुसार शैलीविज्ञानले साहित्यमा भाषिक संरचनाको अभिप्रातलाई पाठको आफ्नो संरचना र त्यसको उत्पादन तथा ग्रहणको सामाजिक सङ्ख्यागत तथा विचारधारात्मक स्थितिहरूका विचको नातेदारी प्रकार्यका विषयमा स्पष्ट पार्छ । भाषावैज्ञानिक आलोचनाको सिद्धान्तमा आधारित शैलिविज्ञानको साँचोमा ज्ञान तथा प्राक्कल्पनाको प्रमुख श्रोत इतिहास, सामाजिक संरचना तथा विचारधारा नै हुन्छ(ऐजन)।

ध) नगेन्द्रका अनुसार शैलीविज्ञान शैलीमात्र वा शैलीको व्यापक रूपको अध्ययन हो र यसअन्तर्गत लोकव्यवहार, शास्त्र र साहित्य सबैमा व्यवहारिक, प्रायोगिक र भाषाविज्ञान समावेश भएको हुन्छ । शैलीविज्ञान साहित्यिकशैली अथवा कलात्मक भाषाविज्ञानको अध्ययन हो (ढकाल, २०६५ :१७०) ।

न) विधानिवास मिश्र Stylistcs लाई शैलीविज्ञान नभनेर रितिविज्ञान भन्दछन् । उनका अनुसार शैलीको प्रयोग प्राचिन पूर्वीय वाङ्मयमा साहित्यनेर विधाहरूका सन्दर्भमा प्रादेशिक विशेषताहरू वा कला सम्प्रदायलगायत विशेषताहरूलाई जनाउनका लागि भएको देखिन्छ तर हाल आएर कुनै व्यक्तिको साहित्यिक अभिव्यक्तिको विशेषताहरूलाई जनाउनका लागि आधुनिक समीक्षा साहित्यशास्त्रमा भएको छ । यस दृष्टिबाट उपयुक्त भाषागत सिर्जनात्मक बैशिष्ट्यलाई प्रकट वा बोध गर्नका लागि शैली शब्दको प्रयोग नै अधिक उपयुक्त बुझिन्छ, किन कि शुद्ध रूपसँग

सामान्य भाषाको विशेष गुणहरूका आधारमा विभिन्न प्रकारहरूमा वर्गीकरण गर्नका लागि धेरै पहिलेदेखि नै रीति शब्दको प्रयुक्त भएको छ (ढुङ्गेल र दुर्गाप्रसाद, २०६१ : १६४) ।

प) रवीन्द्रनाथ श्रीवास्तवका अनुसार शैलीविज्ञान आलोचनाको सिद्धान्त पनि हो र प्रणाली पनि । भाषावादी सिद्धान्तका रूपमा यसको प्रमुख मान्यता साहित्य "शाब्दिक कला'' हो र कृतिका रूपमा साहित्यिक रचना भाषाको सीमामा बाँधिएको एक स्वनिष्ट एकाइ हो भन्ने रहेको छ । उनी साहित्यिक कृतिले भाषाको अभिव्यक्तिको माध्यममात्र बनाउँदैन बरु स्वयम् भाषाभित्र आफ्नो जन्मधारण गर्दछ भन्ने ठान्दछन् (ऐजन) ।

फ) राघवप्रकाशका अनुसार शैलीविज्ञान भाषाको सौन्दर्यशास्त्रिय भाषाविज्ञान हो, जसले भाषावैज्ञानिक विधिबाट भाषा संरचनाको सौन्दर्यसर्जक तत्त्वहरूको अध्ययन गर्दछ (ऐजन) ।

ब) सुरेशकुमारअनुसार भाषा प्रयोगको वर्णनात्मक अध्ययनलाई शैलीविज्ञान भनिन्छ (ऐजन)।

भ) मोहनराज शर्माका अनुसार शैलीविज्ञानले साहित्यिक कृतिको संरचना, बनोट आदिलाई खोतल्छ र विश्लेषणद्वारा अन्तर्निहित कला, सौन्दर्य र साहित्यिकताको उद्घाटन गर्छ (ऐजन) ।

म) घनश्याम नेपालका अनुसार भाषाविज्ञानको सहयोग लिएर साहित्यको शैलिपरक अध्ययन गर्ने विधा नै शैली विज्ञान हो। जसको पद्धति भाषापरक र दृष्टि कलापरक छ। (लम्साल, २०६३: ९३)

य) शैलीविज्ञान कृति केन्द्रित हुन्छ र शाब्दिक संरचनालाई विषय बनाउँछ । (गौतम, २०५० : ३२६)

माथि उल्लिखित परिभाषाका आधारमा शैलीविज्ञानलाई निम्नअनुसार चिनाउन सकिन्छ ।

कुनै पनि कृति वा सामग्रीकेन्द्रित भाषावैज्ञानिक उपकरणका माध्यमबाट गरिने वस्तुपरक र कृतिकेन्द्रित समालोचना प्रणाली नै शैलीविज्ञान हो । व्यापक रूपमा शैलीविज्ञान भाषाविज्ञानको प्रायोगिक पक्ष हो जसले भाषाका प्रत्येक प्रकार्य एवम् प्रयोगको अध्ययन विश्लेषण गर्दछ । यसले भाषाको सिर्जनात्मक शक्तिमाथि जोड दिन्छ । शैलीविज्ञानमा भाषालाई आधारका रूपमा र भाषाको सिर्जनात्मकतालाई अध्येय तत्त्वका रूपमा लिइन्छ ।

शैलीविज्ञान भाषाको सामाजिक प्रकार्यको अध्ययन भएकाले यसले सम्प्रेषणमा कुन भाषिक एकाइ आउँछ र कसरी सन्देश सुव्यवस्थिति हुन्छ भन्ने बोधात्मक, अभिधात्मक र सौन्दर्यपरक भाषाका संसाधनहरूको प्रयोजनमूलक पक्षहरूसँग सम्बन्धित अध्ययन हो । यसप्रकार शैलीविज्ञान भनेको भाषाविज्ञानको महत्त्वपूर्ण अङ्गका रूपमा भाषाको प्रयोजनमूलक प्रयोगहरूको अध्ययनसँग सम्बन्धित रहेको हुन्छ ।

## २.३ शैलीविज्ञानको पृष्ठभूमि र सैद्धान्तिक स्वरूप

आधुनिक समयमा भाषाविज्ञानले साहित्यिक भाषाको अध्ययन विश्लेषण गर्न थालेपछि शैलीविज्ञानको जन्म भएको पाइन्छ । भाषाविज्ञानअन्तर्गत प्रायोगिक भाषाविज्ञानको क्षेत्रभित्र रहेको शैलीविज्ञान आधुनिक युगमा विकसित भएको भाषिक अध्ययन गर्ने नवीनतम शास्त्र हो तर यसको परिचर्चा पूर्विय र पाश्चत्य दुवैतर्फ परम्परागत रूपमा गरिएको पाइन्छ । पूर्वमा भरत, भामह, दण्डी, वामन, आनन्दवर्धन, कन्तुक, क्षेमेन्द्रआदि आचार्यहरू तथा पश्चिममा प्लेटो, अरस्तु, सिसेरो, डायोनिसियस क्विटिलियनआदि विद्वानहरूले भाषापरक व्याख्या विवेचना गरेको पाइन्छ ।

शैलीका व्यक्तिपक्ष र वस्तुपक्ष हुन्छन् । व्यक्ति पक्षमा लेखकको स्वभावगत विशेषता भभिव्यक्त भएको हुन्छ भने वस्तुपक्षमा भाषाको स्वरूप प्रस्तुत हुन्छ । पाश्चात्य साहित्यशास्त्रीहरूले शैलीमा व्यक्तिपक्षका भूमिकालाई विशेष महत्त्व दिएका छन् भने पूर्वीय साहित्यशास्त्रीहरूले शैलीका सन्दर्भमा व्यक्तिहरूको व्यापक चर्चा गर्नुभन्दा कृतिको वस्तुपरक अर्थात् भाषिक गठनमा नै गहिरिन पुगेका छन् (ढकाल, २०६५ : १७७) ।

शैलीवैज्ञानिक चिन्तनका सवालमा पश्चिमीभन्दा पूर्वीय चिन्तन परम्परा सुदीर्घ देखिन्छ । शैलीविज्ञानको प्रारम्भ पूर्वीय साहित्य र भाषा परम्परामा विकास भने आधुनिक समयमा मात्र भएको पाइन्छ । तसर्थ भाषा साहित्यमा शैलीविज्ञानलाई नपोदित विज्ञान भनिन्छ ।

सामान्य भाषाप्रयोगको अध्ययन गर्ने सामान्य भाषाविज्ञानका विपरित यसले विशिष्ट भाषा प्रयोगको अध्ययन गर्ने हुँदा नै यसलाई भाषाविज्ञानको छुट्टै शाखा मानिन्छ (शर्मा, २०५९ : ४) ।

अतः भाषा अध्ययनको नवीन ढोका उघारेर पछिल्लो समयमा देखा परेको शैलीविज्ञानले भाषाविज्ञानको छुट्टै शाखाको रूपमा आफ्नो स्थान बनाइसकेको छ। शैलीविज्ञानको परम्परागत पृष्ठभूमि केलाउने हो भने सर्वप्रथम पूर्वीय भाषिक एवम् साहित्यिक परम्पराको चर्चा गर्नुपर्ने हुन्छ।

पूर्वीय संस्कृत साहित्यको परम्परामा शैलीविज्ञानको थालनी भरतमुनीबाट भएको भए तापनि उनीभन्दा अगाडि नै शैलीको चर्चा ऋग्वेदमा भएको पाइन्छ। यसमा पूर्वीय साहित्यशास्त्रका रचनाकार, तिनको हृदय र कृतिको संरचना तिनवटै कुरालाई प्रमुख मानेर शैलीको चर्चा भएको पाइन्छ।

संस्कृत भाषामा पाणिनिले **अष्टाध्यायी** नामक व्याकरण निर्माण गरी कृतिमा भाषाको वैज्ञानिक विवेचना प्रस्तुत गरे जसले भाषापरक अध्ययन विश्लेषणका लागि ठोस आधार प्रदान गरेको छ। यसै समयदेखि शब्दार्थहरूको सम्बन्धहरूको अध्ययन आकरण, मिमासा न्यायशास्त्रका आधारमा गर्ने धारणा विकसित भयो। भामहको समयदेखि नै साहित्यिक भाषाको सन्दर्भमा वक्रताको अवधारणा सुरु भयो। उनले नै शब्दार्थको वक्रोतिलाई अलङ्कार घोषित गरे तर यिनको विश्लेषण पद्धतिलाई धेरै व्यवस्थित र व्यापक भन्न सकिँदैन तर शब्दार्थ सहितौ काव्य भन्ने अलङ्कारवादी भामह नै रीतिसम्बन्धि चर्चा गर्ने प्रथम विद्वान हुन्।

आनन्दवर्धनले **ध्वन्यालोक** ग्रन्थको प्रतिपादन गरी ध्वनिविरोधी मतहरूको खण्डन गरे। र आफ्नो सिद्धान्तको औचित्य देखाए। **ध्वन्यालोक**लाई अर्थवैज्ञानिक विश्लेषणका निम्ति उत्कृष्ट शैलीविज्ञान मानिन्छ। त्यसैगरी कुन्तकले भाषा संरचनाका सम्पूर्ण स्तरहरूमा वक्रता काव्यको आत्मा हो भनेर चर्चा गरे। उनले काव्य भाषामा आत्माको सार्वदेशिकता स्थापित गरेर वक्रोक्ति सिद्धान्तलाई एउटा पूर्ण वैज्ञानिक सिद्धान्त घोषित गरे। जसले साहित्यको भाषालाई वस्तुपरक ढङ्गले व्याख्या गर्न महत्त्वपूर्ण योगदान गऱ्यो। औचित्यवादी क्षेमेन्द्रले आफ्नो ग्रन्थ औचित्य सिद्धान्तमा भाषाको घटकहरूको विवेचना गरेर शैलीको वस्तुनिष्ठ र भाषा विश्लेषणात्मक प्रविधिलाई औचित्य सिद्धान्त प्रस्तुत गरे।

यसै प्रकारले महिम भट्टले शैलीको बोध सहृदयको अनुमान क्षमतामाथि निर्भर भएको माने। पं जगगनाथले पनि **काव्य लक्षण**मा त्यही शब्दलाई काव्य माने जसले रमणीय अर्थ प्रतिपादन गर्दछ। त्यस्तै अन्य पूर्वीय साहित्यशास्त्रीहरूको नामबाट काव्यभाषाको भाषावैज्ञानिक पद्धतिबाट

सौन्दर्य शास्त्रीय अध्ययन गरे । वस्तुतः संस्कृत साहित्यशास्त्रको विश्लेषण पद्धतिमा वस्तुनिष्ठता र भाषा वैज्ञानिक पद्धति कार्यमा रह्‌यो
(दाहाल, २०६१ :१९) ।

यसरी पूर्वीय भाषिक तथा साहित्यिक परम्परामा आफ्नो अस्तित्त्व स्थापित गर्न सफल रहेका ध्वनिवाद, अलङ्कारवाद, वक्रोतिवाद आदि भाषिक सम्प्रदायले भाषागत आधारमा यथेष्ट मात्रामा शैली र शैलीविज्ञानसँग सम्बन्धित अध्ययन, विश्लेषण, व्याख्या तथा विवेचना गरेको पाइन्छ र आधुनिक भाषा वैज्ञानिक मान्यताअनुरूप शैलीविज्ञान शब्दको भने उठान वा प्रयोग गरेको भने पाईदैन ।

पाश्चत्य साहित्यशास्त्रीय परम्परामा शैलीका सम्बन्धमा सामान्य चर्चा अरस्तुभन्दा पहिलेका साहित्यशास्त्रीहरूले पनि गरेको पाइन्छ तर शैलीको व्यापक एवम् विस्तृत व्याख्या विवेचना गर्ने काम सर्वप्रथम अरस्तुबाट नै भएको पाइन्छ । उनले कथानक, रसविधान, चरित्र, कार्यशैली आदि काव्यतत्त्वहरूको संरचनाको विश्लेषण गर्दै विवेचना प्रक्रियालाई पनि वस्तुपरकता प्रदान गरे । वस्तुतः पाश्चात्य साहित्यशास्त्रमा शैली विवेचनाको बीज रोप्ने काम अरस्तुबाट भयो तर त्यो अधिक परिपुष्टि र उन्नत हुन सकेन किनकि पश्चिमी जगतमा त्यतिखेर भाषा चिन्तनको वैज्ञानिक परम्परा समृद्ध थिएन । अरस्तुपछि डायोनिसियसले भाषाका सम्पूर्ण तहहरूमा शैलीलाई खोज्दै वर्णहरूको संगितात्मकताको शैलीगत अध्ययन गरे ।

डायोनिसियसले भाषाका सम्पूर्ण तहहरूमा शैलीलाई खोज्दै वर्णहरूको संगीतात्मकको शैलीगत अनुसन्धान गरे । शब्द संयोजनका बारेमा अनुसन्धान गरी उनले शब्दहरूको सुव्यवस्थित योजनालाई शैली भने तर उनले काव्यभाषाको व्यापक र सुव्यवस्थित योजनालाई मापदण्ड तयार गर्न सकेनन् । अन स्टाइल शीर्षकको पुस्तकमा डेमिट्रियसले भाषाको विश्लेषण गर्दै शब्द प्रयोग र शब्द विन्यास, विषयवस्तुको विवेचना गरे । उनले शैलीका लागि भाषा लाघवलाई नै महत्त्व दिए । क्विन्टिलयनले **वक्ताको शिक्षा** भन्ने पुस्तकमा भाषाको वास्तविक शक्ति क्रियामा निहित हुने र शब्दहरूलाई उपयुक्त क्रममा राख्नाले शैलीमा प्रभाव पार्नसक्ने दृष्टि प्रस्तुत गरे । शैली विवेचनाको दृष्टि र पकडले शैलीको वस्तुगत विश्लेषणलाई नै परिचित गराए; तापनि शैली विवेचनाको दृष्टिकोणले पाश्चात्य साहित्यको मध्यकाल, शून्यकाल मानिन्छ । आधुनिक साहित्यशास्त्रको प्रारम्भमा पनि अभिजात्य परम्पराको नै निर्वाह गरे । त्यसमा पनि मौलिक कुराहरूको प्रस्तुति थिएन ।

स्वच्छन्दतावादी साहित्यशास्त्रीहरूले शैली विवेचनाको सवालमा आत्मवादी दृष्टिकोण प्रस्तुत गरेपछि त्यसमाथि विभिन्न प्रतिक्रिया भए । यस प्रतिक्रियाबाट पाश्चात्य साहित्यशास्त्रमा वस्तुगत समीक्षाको आन्दोलन विकसित भयो । जसका पर्वतक टी. एस. इलियट भए । नयाँ समीक्षाका नामले प्रसिद्ध यस आन्दोलनले कृति केन्द्रित विश्लेषणमा बढी जोड दियो । हर्वट रिड, जोन मिल्टन, मरे, एफ.एल. लुकास आदि विद्वानहरूले शैलीका साथै भाषिक विश्लेषण प्रक्रियाको प्रर्वतन र प्रस्तुत गरेको देखिन्छ ।

भाषाविज्ञानका क्षेत्रमा बिसौँ शताब्दीमा भएका गम्भीर अनुसन्धानको परिणामस्वरूप शैली विवेचनाको प्रक्रियामा वस्तुनिष्ठ दृष्टिबाट ठोस र वैज्ञानिक आधार प्राप्त भयो । वर्णनात्मक भाषाविज्ञानका प्रर्वतक तथा आधुनिक भाषाविज्ञानका जन्मदाता फर्निनान्ड डी सस्युरको आगमनसँगै भाषिक अध्ययनको भाषाविज्ञानका जन्मदाता फर्निडान्ड डी सस्युरको भाषिक अध्ययनको एउटा महत्त्वपूर्ण पाटो शैलीविज्ञानले वस्तुगत आधार पायो ।

सस्युरले भाषाको समकालीन रूपको संरचनात्मक अध्ययन गर्ने पद्धतिको सङ्केत गरेपछि भाषावैज्ञानिकहरू भाषाको बोलचालमा प्रयोग हुने संरचनाको अध्ययनमा जुटे । त्यसपछि विकसित भएका विभिन्न भाषावैज्ञानिक क्षेत्रमा वर्ग-उपवर्गहरूले भाषाको अध्ययन भाषावैज्ञानिक पद्धतिबाट गरे र साहित्य भाषाको विशिष्ट रूप भएकोले यसमा प्रयुक्त भाषाको पनि भाषा वैज्ञानिक अध्ययन विश्लेषण गर्न सकिन्छ भन्ने धारणा प्रस्तुत गरे ।

खासगरी आधुनिक युगमा शैलीविज्ञानको प्रारम्भकर्ता सस्युरलाई मानिन्छ । सस्युरका साथै उनका चेला बालीले सामान्य भाषाका संरचनालाई समकालिन स्तरमा विश्लेषित गर्ने प्रविधि विकास गरे । त्यस परम्परामा चार्ल्ज ब्रुनो र मार्सा क्रेसाद्वारा विकसित शैलीविज्ञानमा आधारित एउटा पाठ विशेषको रचनाको संरचनागत अध्ययन प्रारम्भ भयो । यसपछि समकालिन तथा कालक्रमिक आयाममा कृतिको भाषिक अध्ययन गर्ने परम्परा अगाडि बढ्यो ।

फ्रान्सेली शैलीविज्ञानका प्रयोक्ता सिफाटेयरले शैलीको अध्ययनअर्न्तगत रचनामा विद्यमान सन्दर्भलाई अत्यन्त आवश्यक तत्त्वहरूका रूपमा स्वीकार गरेर त्यस सामान्य भाषाको सन्दर्भमा समूह सन्दर्भ र सहृदयको सन्दर्भको सापेक्षतामा विश्लेषण गर्ने प्रविधिलाई विकसित गर्न जो कि लिच र डेभिड क्रिस्टलले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

शैलीविज्ञानको अर्को मूख्य धारा क्रोचेको सौन्दर्यशास्त्रिय सिद्धान्तबाट प्रभावित देखिन्छ। भाषालाई कलात्मक अभिव्यक्तिको साधन मान्दै साहित्यिक अभिव्यक्तिलाई कला मानेर वैयक्तित मनोवैज्ञानिक पद्धतिद्वारा अध्ययन विश्लेषण गरेर कलापरक धाराको सुरुवात भयो, जसको पर्वतक लियो स्पिटजर मानिन्छन् ।

त्यस्तै एम.के. ह्यालिडेले आफ्नो व्याकरणमा र्याङ्क डेलिकेसी र एक्सपोनेन्सको अवधारणा प्रस्तुत गरी व्याकरणिक व्यवस्था आधारमा तयार गरेर शैलीवैज्ञानिक नमुना अनुसार साहित्यिक रचनाहरूको अध्ययन गर्ने विधिको विकास गरे ।


शैलीवैज्ञानिक अध्ययन विश्लेषण परम्परालाई अझ सशक्त र विकसित बनाउन प्रत्यक्ष वा परोक्ष रूपमा योगदान पुर्याउने अन्य विद्वानहरूमा के. एल. पाइक, नोम चोमस्की, थोर्न, कर्टिस, मुकारोब्स्की, याकोब्सन, रोजर फाउलर, एक्विस्ट आदि रहेका छन ।

यसरी अहिलेको वर्तमान समयमा शैलीविज्ञानले भाषाविज्ञानको एउटा स्वतन्त्र शाखाको रूपमा आफ्नो स्थान बनाउन सफल भएको छ। यो भाषाविज्ञान र साहित्यशास्त्रको संगमस्थलका रूपमा प्रतिष्ठित शैलीविज्ञानले विशेषतः प्रतीकविज्ञानसँग सान्निध्यता राखेपछि पूर्णता प्राप्त गरेको छ। हुनत साहित्यिक कृतिमा रहेका भाषिक पक्षको उद्घाटन गर्नुका साथै त्यसभित्रको कला सौन्दर्यको समेत उद्घाटन गर्ने हुँदा शैलीविज्ञान सौन्दर्यशास्त्रमा निकट रहेको देखिन्छ। उत्तरवर्ती समयमा भाषातात्विक, साहित्यिक, साङ्ख्यिकीय, मनोवैज्ञानिक तथा दार्शनिक आदि शाखा उपशाखासमेत विकसित भइसकेका छन् ।

शैलीविज्ञानले साहित्यलाई भाषिक कला मान्दछ भने साहित्यिक कृतिलाई भाषिक प्रतीक ठान्दछ। शैलीविज्ञानको कृतिविश्लेषण गर्दै त्यसको आन्तरिक पक्षतिर अघि बढ्छ र त्यसभित्रको सौन्दर्य पक्षलाई उजागर गर्ने प्रयत्न गर्दछ।

शैलीविज्ञानले कृतिको बह्यतलबाट गहनतलमा ओर्लिने प्रक्रिया अङ्गाल्दछ। प्रत्येक साहित्यिक कृतिको एउटा मूर्तरूप अर्को अमूर्तरुम आकार हुन्छ। मूर्त आकारलाई बाह्यतल र अमूर्त आकारलाई गहनतल भनिन्छ। शैलीविज्ञानले कृतिको अमूत आकारलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य दिन्छ (शर्मा,२०५९ : ५)।

यस कुरालाई निम्नलिखित तालिकाद्वारा व्यक्त गर्न सकिन्छ।




**पागल-बस्ती** यस तालिकाले शैलीविज्ञान साहित्यलाई हेर्ने एउटा नयाँ दृष्टि हो भन्ने कुरा स्पष्ट पारेको छ। यसले भाषाविज्ञानमा उपलब्ध उपकरणको मदतले कृतिको शैलीको विश्लेषण गर्दछ। विश्लेषणचाहिँ भाषा सिद्धान्त कुनै पनि पद्धति (वर्णनात्मक, संरचनात्मक, प्रजनक, रूपान्तरणत्मक आदि) बाट गर्न सकिन्छ।

**२.४. कृतिविश्लेषण शैलीवैज्ञानिक आधार :**

शैलीका माध्यमबाट कुनै पनि कृतिको विश्लेषण एवम् मूल्याङ्कन गर्नका लागि आवश्यक पर्ने शैलीविज्ञानको सैद्धान्तिक र प्रविधिगत उपकरणहरू नै कृति विश्लेषणका शैलीविज्ञानका आधारहरू हुन्। यसबाट कृतिविश्लेषणका लागि शैलीवैज्ञानिक आधारहरूको बारेमा राम्रोसँग नबुझिकन शैलीवैज्ञानिक ढङ्गबाट कुनै पनि कृतिको व्यवस्थित रूपले अध्ययन गर्नुभन्दा अगाडि अध्येताले सर्वप्रथम निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्छ :

अ) विश्लेष्य कृतिको प्रकृति कस्तो छ ?

आ) विश्लेषकको आफ्नो ज्ञान कस्तो छ ?


इ) उसको आफ्नो क्षमता के कस्तो छ ?

ई) उसको शक्ति र सीमा के कस्तो छ ? (शर्मा, २०५५ : ५४)

कुनै पनि कृतिको शैलीवैज्ञानिक विश्लेषणका लागि विश्लेषकलाई तत्सम्बन्धी पर्याप्त ज्ञान हुनु आवश्यक छ। कृति कुन प्रकृतिको छ सो कुरामा पनि विश्लेषक स्पष्ट हुनुपर्छ। पूर्वीय एवम्

पाश्चात्य दुवै भाषिक सम्प्रदायका अध्ययन पद्धतिलाई अङ्गालेको पाइन्छ । शैलीवैज्ञानिक अध्ययन परम्पराका पाश्चात्य भाषिक सम्प्रदाय पूर्वीयभन्दा आधुनिक र विशिष्ट देखिन्छ तापनि पूर्वीय भाषिक सम्प्रदायका रस, ध्वनि, अलङ्कार, रीति, बक्रोक्ति, औचित्य आदि विभिन्न क्षेत्रबाट पनि शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्न सकिन्छ ।

शैलीविज्ञानले समालोचना वा मूल्याङ्कनका लागि कृतिको विश्लेषण निम्नलिखित प्रक्रियाबाट गर्छ:




(शर्मा,२०५९ : ६)

### २.४.१ साहित्यिक संरचना

हरेक साहित्यिक कृतिका आफ्नै संरचना हुन्छ । कुनै पनि वस्तु विशेषका अङ्ग प्रत्याङ्ग, घटक उपघटक आदिको संयोजनलाई नै संरचना भनिन्छ । जस्तै: मानिस, नाक, आँखा, कान, मुख, हात, खुट्टा आदि विभिन्न घटकहरूको कुल योग हो र त्यसभन्दा बढी अरु केही (व्यक्तित्व) हो ।

संरचनालाई बृहत घटक पनि भनिन्छ, जुन अदृश्य हुन्छ । कृतिको सिङ्गो संरचनाभित्र विभिन्न घटक-उपघटक रहेका हुन्छन् जसको आफ्नै क्रम, श्रेणी तथा तह रहेको हुन्छ ।

**क) बनोट :**

साहित्यिक कृति संरचनाभित्र रहेका साना घटकहरूको कूल योग वा समग्र स्वरूप नै बनोट हो । जस्तै कृतिभित्र समेटिएका अङ्क, भाग, संवाद, अध्याय, प्रसङ्ग, घटना आदि जस्ता साहित्यिक घटकहरूको वर्णन विश्लेषण गरेर कृतिको अमूर्त रूपलाई मूर्तरूप बनाउने काम गर्दछ ।

**ख) बुनोट :**

बुनोट भनेको बनोटका आधारमा पर्यायवरणमा पाइने लघु घटकहरूको कार्य हो, साथै कृतिगत घटकहरूबीचको अन्तरसम्बन्ध पनि हो । यो कृतिको बाह्य स्वरूप तथा कृति सौन्दर्यसँग सम्बिन्धित हुन्छ । यस तहलाई लघु, सीमित वा खण्डात्मक साहित्यिक प्रभावको तह मानिन्छ । अलङ्कार, योजना, छन्दविधान, प्रतीक व्यवस्था, बिम्बविधान चरित्रकथन, घटना संयोजन आदिको वर्णात्मक विश्लेषण गर्दै शैलीविज्ञान विवेचना गर्ने काम बुनोटभित्र हुन्छ ।

### २.४.२. भाषा संरचना

भाषाको माध्यमबाट नै कुनै पनि साहित्यिक कृतिको रचना गरिएको हुन्छ । भाषा साहित्यको माध्यम हो । भाषा आफ्नै खालको संरचना हुन्छ । सबै खालको भाषामा विभिन्न एकाइगत क्रमश्रेणीहरू हुन्छन् । भाषाका तल्ला र स-साना एकाइहरू हुँदै सोपानक्रमअनुसार माथिल्ला एकाइमा पुग्न सकिन्छ; अर्थात् भाषाको व्याकरणिक करणको व्यवस्थामा पुग्नको लागि ध्वनि वण, अक्षर, रूप, शब्द, पद, संरचक घटकहरूको श्रेणीगत वा सोपानक्रमलाई निम्न तीन किसिमबाट परिचय दिन सकिन्छ ।

**क) व्याकरण व्यवस्था :**

कुनै पनि भाषाको व्याकरण व्यवस्था त्यस भाषाको माथिल्लो तह हो । रूप प्रक्रिया र वाक्यविज्ञान यसअन्तर्गत पर्छन् । वाक्यमा संरचक भाषिक घटकहरूको सन्दर्भमा व्याकरण सर्वोच्च तह हो ।

**ख) शब्द व्यवस्था :**

भाषाको व्याकरण व्यवस्थापनभन्दा तल्लो तह अर्थात सानो तह शब्द व्यवस्था वा शाब्दिक तह हो । यसभित्र रूपप्रक्रिया र अर्थ विज्ञानभित्रका प्रक्रिया वा कार्यहरू पर्दछन् । भाषा बोधगम्य हुनुपर्छ । भाषालाई बोधगम्य बनाउने काम अर्थले गर्छ । त्यसैले अर्थलाई भाषाको प्राण पनि भनिन्छ । भाषाको आर्थी पक्षसँग भाषा संरचनाभित्रको शब्दव्यवस्थाले सम्बन्ध राख्ने हुनाले यो महत्त्वपूर्ण तह मानिन्छ ।

**ग) ध्वनि व्यवस्था :**

भाषाको सबैभन्दा सानो वा एकाइ ध्वनि हो । ध्वनि व्यवस्थाभित्र खण्डीय र खण्डेत्तर ध्वनिको व्यवस्था अन्तर्निहित रहेको हुन्छ ।

यसरी माथि उल्लिखित सम्पूर्ण भाषिक संरचनागत व्यवस्थाभित्र रहेर सबै तहहरूमा कृतिको विश्लेषण शैलीविज्ञानले गर्छ ।

### २.४.३ शैली

सामान्य अर्थमा कुनै पनि कुरालाई प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । शैली शब्दलाई रीति शब्दले पनि परिभाषित गरेको पाइन्छ । शैलीको वैज्ञानिक ढङ्गले अध्ययन गर्ने विज्ञानलाई शैलीविज्ञान भनिन्छ (अधिकारी, २०६२ : १६१०) ।

भााषिक संरचनाका श्रेणीहरू रूपान्तरण भएर साहित्यिक संरचनामा परिणत हुन्छन् । यसरी रूपान्तरण हुँदा विशिष्ट र अमूर्त किसिमले भएको मानिन्छ । यही शैलीलाई सुक्ष्मरूपले केलाएर विश्लेषण गर्ने विज्ञान शैलीविज्ञान हो । त्यसैले कृतिको बाह्य र आन्तरिक तथा मूत र अमूर्त पाटाहरूको वैज्ञानिक ढङ्गबाट अध्ययन वा विश्लेषण गर्ने काम शैलीवैज्ञानिक अध्ययनको हो ।

शैलीविज्ञानले गर्ने शैलीका सुत्रगत पक्षलाई निम्नअनुसार देखाउन सकिन्छ :

**क) चयन :**

चयन भन्नाले छनोट भन्ने बुझिन्छ । भाषागत आधारमा भन्नुपर्दा कृतिकारले विभिन्न विशिष्ट तथा उत्कृष्ट विकल्प छानेर कृतिमा प्रयोग गर्ने कार्यलाई छनोट भनिन्छ । रचनाकारले उपलब्ध विविध खालका शब्द, वाक्य चिह्न आदि एकाइको उपयुक्त र प्रभावकारी ढङ्गले प्रयोग सन्दर्भमा समावेश गरेको हुन्छ, त्यो नै चयन हो ।

शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भन्दछन् । कृतिकारले उपलब्ध विकल्पहरूमध्ये कुनै एकको जानेर वा नजानी पनि छनोट गर्छ । जस्तैः नेपाली शब्दतहमा स्त्रीलाई बुझाउने नारी, अवला, रमणी, सुन्दरी, कल्याणी, आईमाई, स्वास्नीमानिस आदि विभिन्न विकल्पहरू छन् । उपयुक्त विकल्पमध्ये कुनै कृतिकारले एकसन्दर्भमा कुनै एकको चयनको विशिष्टतालाई पहिल्याउने कार्य गर्दछ (शर्मा, २०५९ :७) ।

**ख) अग्रभूमि निर्माण :**

रचनाको कुनै अंशलाई विशिष्ट बनाउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमि निर्माण हो (शर्मा, २०५९ : ८) ।

साहित्यिक भाषाको सिर्जना निर्माणको विशेष भूमिका रहेको हुन्छ; तसर्थ साहित्यिक विश्लेषणका लागि यसको उपयोग महत्त्वपूर्ण हुन्छ ।

शैलीवैज्ञानिक क्षेत्रमा अग्रभूमिसम्बन्धी धारणाको प्रर्वतन सर्वप्रथम सन् १९३० मा जे मुकारोव्स्कीले गरेको देखिन्छ । त्यसो त अग्रभूमिको आरम्भिक प्रयोग क्षेत्र चित्रकला मानिन्छ र त्यहीँबाट यो भाषिक क्षेत्रमा प्रवेश गरेको हो । अग्रभूमिको प्रस्तुति पश्चभूमि वा मध्यभूमिभन्दा बढी मुखर, सुस्पष्ट र ध्यानकर्षण हुन्छ (शर्मा, २०५५:५५१) ।

साहित्यिक कृतिमा परम्परागत, रुढ तथा यान्त्रिक स्वभावको नभएर नवीन सार्थक तथा सौन्दर्यपूर्ण भाषिक प्रयोग हुनु नै अग्रभूमिको निर्माण हो । यस्तो प्रयोगले पाठकलाई आकर्षित तथा चमत्कृत पार्ने हुनाले साहित्यको क्षेत्रमा यसलाई उपलब्धिमूलक मानिन्छ ।

अग्रभूमि निर्माण निम्नलिखित दुई तरिकाबाट गरिन्छ ।

**अ) समानान्तरता :**

भाषाप्रयोगको पुनरावृतिलाई समानान्तरता भनिन्छ (शर्मा, २०५९ : ८) । अर्थात् समान तत्त्वहरूको पुनरावृति समानान्तरता हो । यसलाई भाषाका विभिन्न भाषाका विभिन्न एकाइ र तहमा प्रयोग भएको देख्न सकिन्छ ।

पुनरावृति भन्नेवित्तिकै नियमितताको अवस्था हो । जुन छन्द, अलङ्कार, तुक, समता, स्वनिम, अक्षर, रुपिम, शब्द, पदसमूह, उपवाक्य, वाक्य, सङ्कथन, अर्थ आदि सबै खालका भाषिक तहमा हुने गर्दछ ।

समान्तरता विचलनको विपरीत उभिएको शब्द हो, किनभने विचलनमा अनियमिता रहेको हुन्छ भने सामान्नतरमा अतिरिक्त नियमितता रहेको हुन्छ। वर्णगत अवस्थादेखि अर्थतात्विक अवस्थासम्म दुवैखालका संरचनाहरूको पुनरावृति हुने अवस्था नै समानान्तरता हो । यसमा समान किसिमका भाषिक संरचनाहरूको पुनरावृति हुन्छ। यसको प्रयोगले भाषिक अभिव्यक्ति काव्यात्मक प्रकृतिको हुनाका साथै आकर्षक पनि हुन्छ। समानान्तरता भाषिक संरचनात्मक एकाइ र अर्थको स्तरमा हुनसक्छ। त्यसैले समानान्तरतालाई आन्तरिक वा बाह्य गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

**क) आन्तरिक समानान्तरता** :

भाव वा अर्थको पुनरावृतिलाई आन्तरिक समान्तरता भनिन्छ (शर्मा, २०५५ : ५५३) ।

**ख) बाह्य समानान्तरता :**

साहित्यिक कृतिको आवरण पक्ष (वर्ण, मात्रा, लय)सँग सम्बन्धित पुनरावृतिलाई बाह्य समानान्तरता भनिन्छ। त्यसको प्रकृति मूर्त किसिमको हुन्छ। एक वा एकभन्दा बढी स्वनिम, शब्द, पदसमूह, वाक्य आदिको पुनरावृतिलाई बाह्य समानान्तरता भनिन्छ (शर्मा, २०५५ : ५५३)।

**आ) विचलन :**

चलनचल्तीबाट, मानकबाट, नमुनाबाट हट्नु नै विचलन हो (गौतम : २०५९ : २८७)।

मानकको उल्लङ्घन वा अतिक्रमणलाई विचलन भनिन्छ (च्यापम्मान : १९७३ : ११३०)।

सामान्य भाषामा प्रयुक्त हुने भाषिक नियमको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ। प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घनलाई गर्ने हुनाले यसलाई विपथन पनि भनिन्छ। यस्तो विचलन उद्देश्यपूर्ण र सार्थक हुन्छ। अर्थात् खास साहित्यिक विशिष्टता सिर्जना गर्नु यसको प्रयोजन हो। सिर्जनाको क्रममा साहित्यकार सचेत वा असचेत रूपमा विचलित भइरहेको हुन्छ। मुख्यत : रूपान्तरणवादी साहित्यिक शैलीको विश्लेषण क्रममा विचलनको अवधारणा उपयोग गरेको पाइन्छ (अधिकारी : २०६२ : २६३)।

विचलन समानान्तरताको विपरीत धारमा उभिएको पाइन्छ किनभने सामान्तरताता नियमितता हो भने विचलन भनेको अनियमितता हो। अनियमितता भन्नाले शैलीवैज्ञानिक आधारमा निरर्थक स्वरूपको भन्ने बुझ्नुहुँदैन किनकि सार्थक विचलनबाट नै अग्रभूमि निर्माण हुन सक्छ काव्यिक तथा साहित्यिक सिर्जनाहरूमा विचलनयुक्त भाषिक प्रयोगले लक्ष्यार्थ तथा व्यङ्ग्यार्थ प्रस्तुत गर्नुका साथै त्यसमा श्रुतिमाधुर्यता, आल्हादकता र भावममताको प्रभावकारी स्वरूप निस्वादन गराएको हुन्छ।

२० औं शताब्दीको तेस्रो, चौथो, दशकदेखि सातौं दशकका बीचमा पाश्चात्य जगतमा स्थापित भएको विचलनको परम्परा विकासमा जर्मनीमा लियो स्पिटजर, चकोस्लोबाकियामा मुकारोब्स्की, फ्रान्समा पी. गोरो तथा अमेरिकामा चोम्स्की र एस. आर. लिविनको भूमिका महत्त्वपूर्ण मानिन्छ। पाश्चात्य साहित्यशास्त्रमा अरस्तुबाट विचलनको अवधारणा स्थापना भएका पाइन्छ। उनले आफ्नो

काव्यशास्त्रमा काव्य पदावलीका सन्दर्भमा भनेका छन् कि प्रचलित उखानमा केही परिवर्तन गर्नाले भाषामा चमत्कार आउँछ ।

पूर्वीय साहित्यशास्त्रमा भामहबाट विचलनको अवधारणा प्रस्तुत भएको मानिन्छ । भामहका अनुसार सूर्य अस्ताए, चन्द्रमा चम्किरहेका छन्, पंक्षी गुँडमा गए, आदि वाक्यहरू काव्य होइनन् । यसप्रकारका वाक्यहरूमा सधैँ रुढ वा पारम्परिक शब्दहरूको प्रयोगले वाणीमा सौन्दर्य आउँदैन । वाणीमा सौन्दर्य त शब्दार्थको वक्र प्रयोगबाट नै हुन्छ (दाहाल, २०६१ : ३५) ।

भामहपछि आनन्दवर्धनले विचलनलाई अत्याधिक महत्त्वपूर्ण मानेका छन् । उनका अनुसार सामान्य वाक्य, वाचक रचनामात्रबाट काव्यको सृष्टि हुँदैन, त्यो त व्यङ्ग्य, व्यञ्जकको सुन्दर प्रयोगबाट सम्भव हुन्छ । यहाँ वाक्यवाचक सामान्य रचना हो भने व्यङ्ग्य व्यञ्जक सामान्य रचनाको विचलनमय रूप हो (दाहाल, २०६१ : ३५) ।

### २.४.४ विचलनका प्रकार :

#### १. कोशीय विचलन :

कोशमा प्रयुक्त शब्दबाट मात्र स्रष्टाले नयाँ शब्दको निर्माण गर्दछ वा पुरानै शब्दलाई नयाँ रूप दिएर प्रयोग गर्दछ भने त्यसलाई नै कोशीय विचलन भनिन्छ । जस्तैः मान्द्रिलो, गुन्द्रिलो आदि ।

#### २. व्यकरणिक विचलन :

विश्वमा अस्तित्त्वमा रहेका सम्पूर्ण भाषाहरूको आ-आफ्नै भाषिक व्यवस्था हुन्छ । भाषालाई व्यवस्थित गर्ने यस्ता नियम वा व्यवस्थालाई व्याकरणिक व्यवस्था भनिन्छ । स्रष्टाले अभिव्यक्तिको क्रममा व्याकरणिक व्यवस्था अर्थात लिङ्ग, वचन, पुरुष, काल, पदक्रम, वाक्य आदि एकाइहरूमा अतिक्रमण गर्दछ भने त्यसलाई व्याकरणिक विचलन भनिन्छ । जस्तैः काम्यो लुगलुग त्यो (पदक्रम विचलन) ।

**३. ध्वनिक्रियात्मक विचलन :**

भाषाको कुनै एकाइको उच्चारणमा हुने विचलन ध्वनिक्रियात्मक विचलन हो । जस्तैः सुक्रात ( सुकरात), शङ्गीत (सङ्गीत) आदि ।

**४. लेखन प्रक्रियात्मक विचलन :**

भाषा लेखनको व्यवस्थालाई अतिक्रमण गर्दा हुने विचलनलाई लेखन प्रक्रियात्मक विचलन भनिन्छ । जस्तैः अक्षर राम्रा भएर पनि कुरा पुगेन भने नम्बर पाउँदैन ।

**५. अर्थतात्विक विचलन :**

भाषिक अभिव्यक्तिको क्रममा वाक्यको अभिधामूलक अर्थ नआएर अन्य विशिष्ट वा व्यञ्जित अर्थ आउनु अर्थतात्विक विचलन भनिन्छ । जस्तैः उसको अनुहार भुङ्ग्रो जस्तै रन्केको हुन्थ्यो ।

**६. भाषिका विचलन :**

स्रष्टाले आफ्नो अभिव्यक्तिलाई विशिष्ट बनाउन मानक भाषाका बीच-बीचमा भाषिका सम्बद्ध शब्दहरूको उपयोग गर्दछन् । यसलाई नै भाषिका विचलन भनिन्छ । जस्तैः खाजा-अर्नी, ठूलो-भाम, आदि ।

**७. प्रयुक्ति विचलन :**

एउटा परिस्थिति वा प्रसङ्मा प्रयोग गर्नुपर्ने भाषालाई अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गरेमा त्यो प्रयुक्ति विचलन हुन्छ । जस्तै : जनकपुरको जनकचोकको होटलमा बसिरहेको रा. प्र. पा. का यादव र मानवअधिकारवादी पत्रकार परियारले पुलिसको गोली प्रहारबाट मृत्यु वरण गरेका छन् ( प्रहरीको गोली प्रहारबाट मरेका छन् हुनु पर्नेमा मृत्युवरण गर्नुको प्रयोग हुनु प्रयुक्ति विचलनको उदाहरण हो) ।

**ग) विविधता :**

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषामा विभिन्न भेदहरू देखा पर्छन् र यिनै भेदहरूलाई नै विविधता भनिन्छ (शर्मा, २०५९ : ८) ।

साहित्यिक कृतिहरूमा यस्ता अनेक प्रकारका विविधता देख्न पाइन्छ । शैलीविज्ञानले प्रयुक्तिका आधारमा कृतिमा प्रयुक्त विविधताको विश्लेषण गर्दछ । अर्थात स्रष्टाले सिर्जना गरेका कृतिहरूमा प्रभावकारी र आकर्षक भाषा तथा अन्य विविध खालका भाषिक उपकरणको प्रयोग गरेको पाइन्छ । सिर्जित कृतिहरूको परिवेश र त्यसको प्रभाव क्षेत्रलाई प्रमुखता दिने हेतुले विविध खालका भाषिक भेदहरू रहेका हुन्छन् । शैलीविज्ञानले कृतिको विविधताको विश्लेषण गर्दछ ।

माथि उल्लेख गरिएका शैलीका विभिन्न उपकरणपरक प्रक्रियाबाट शैलीविज्ञानले बाह्य स्वरूप र संरचनाको विश्लेषण गर्दै कृतिको गहनतलसम्म प्रवेश गर्छ र गहनतलमा लुकेर रहेको वास्तविक सन्देशलाई प्राप्त गर्दछ । साथै यसले वस्तुवादी र भाषावादी दृष्टिबाट कृतिका सौन्दर्यको उद्घाटन गर्दै त्यसको मूल्याङ्कन समेत गर्छ ।

## २.५ सारांश

परम्परागत रूपमा **ऋग्वेद**मा समेत उल्लेख गरिएको भए पनि शैलीविज्ञानलाई साहित्यिक समालोचनाको नवीनतम् शाखा मानिन्छ । शैलीविज्ञान सर्वप्रथम सन् १८७२ मा फ्रान्सेली भाषामा प्रयोग भएको Stylistique र सन् १८८२ मा अङ्ग्रेजी भाषामा प्रयोग भएको Stylistics शब्दको नेपाली रूपान्तरण हो । शैलीविज्ञान पूर्णतः भाषावादी नयाँ दृष्टि भए पनि यसको अध्ययनले साहित्यको आन्तरिक सौन्दर्यको उद्घाटन गर्दछ ।

भाषाविज्ञानको सहयोग लिएर साहित्यको शैलीपरक अध्ययन गर्ने विधा नै शैलीविज्ञान हो । यो भाषाविज्ञानको सहायताबाट स्वायत्त विज्ञानको रूप लिएको शैलीविज्ञानले साहित्यिक कृतिको वस्तुतथ्यमा आधारित भई अध्ययन-विश्लेषण गर्दछ ।

# तेस्रो अध्याय

# पागल-बस्ती उपन्यासको व्याकरणिक विचलनको अध्ययन

### ३.१ व्याकरणिक विचलनको परिचय

विचलनको शाब्दिक अर्थ आफ्नो पूरानो ठाउँ छाडेर अरु ठाँउमा पुग्ने क्रिया भन्ने हुन्छ। शैलीवैज्ञानिक आधारमा भन्ने हो भने विचलनले मानकको अतिक्रमण वा उल्लङ्घन बुझाउँछ। संसारमा अस्तित्त्वमा रहेका सम्पूर्ण भाषाहरूको आ-आफ्नै खालका भाषिक व्यवस्था हुने गर्दछ। त्यो व्यवस्थालाई त्यहाँको समाजले स्वीकार गरी भाषाको रूप प्रदान गरेको हुन्छ। भाषालाई मानक रूपभन्दा भिन्न किसिमले प्रयोग गर्नु वा भाषिक नीति-नियमको उल्लङ्घन वा अतिक्रमण गर्नुलाई नै विचलन भनिन्छ।

विचलनलाई समानान्तरताको विपरित तत्त्व मानिन्छ। मानकको अतिक्रमण वा उल्लङ्घन नै विचलन भनिन्छ (शर्मा, २०५९ : ८)।

चलनचल्तिका भाषिक प्रयोगको नियमलाई उल्लङ्घन गर्दै फरक किसिमको भाषाको प्रयोग गर्नु नै विचलन हो तर विचलित भाषाहरू साहित्यिक सन्दर्भमा भने हुँदैन किनकि सार्थक विचलनको प्रयोगबाट साहित्यिक कृतिले उत्कृष्टताको रूप प्राप्त गरेको हुन्छ।

साहित्यको परिप्रेक्षमा अत्यन्त महत्त्वपूर्ण मानिने भाषिक विचलनका विभिन्न प्रकारहरूमध्ये व्याकरणिक विचलन पनि एक हो। भाषाको आफ्नै खालका व्याकरण व्यवस्था हुन्छ। व्याकरणविना भाषाले मानक रूप प्राप्त गर्न सक्दैन। साहित्यिक भाषाका माध्यमबाट सिर्जित हुने भएकोले साहित्यिक कृतिमा व्याकरणको भूमिका महत्त्वपूर्ण हुन्छ। साहित्यिक स्रष्टाले आफ्नो कृतिलाई उत्कृष्ट बनाउन व्याकरणिक नियमको अतिक्रमण गर्दछ। त्यसलाई नै व्याकरणिक विचलन भनिन्छ।

भाषा विशेषमा आ-आफ्नो भाषिक व्यवस्था हुन्छ। भाषालाई व्यवस्थित गर्ने नियमलाई व्याकरण भनिन्छ। प्रत्येक भाषाको आफ्नै स्वरूप र संरचनाअनुसारको निश्चित व्याकरणिक व्यवस्था हुन्छ। साहित्यमा प्रस्तुत हुँदा सर्जकले सदैव आफ्नो निश्चित भाषा व्याकरणिक

व्यवस्थामा मात्र सीमित हुन चाहँदैन र सक्तैन पनि । त्यसो हुनाले स्रष्टाले आफ्नो विशिष्ट भाषिक अभिव्यक्ति क्रममा लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्यजस्ता व्याकरणात्मक कोटि र वाक्य, उपवाक्य, पदसङ्गति, पदक्रम आदि एकाइहरूको नियमितता र नियमसम्मत व्यवस्थामाथि अतिक्रमण गर्छ । वास्तवमा त्यही अतिक्रमण नै व्याकरणिक विचलन हो (लम्साल, २०६३ : १०९) ।

लिङ्ग, वचन, पुरुष, भाव, वाच्य, काल आदि व्याकरणिक धारालाई नवीन बनाउने हेतुले मानक रूपभन्दा भिन्न ढङ्गले प्रस्तुत गर्नुलाई व्याकरणिक विचलन भनिन्छ (ढकाल, २०६५: १८३) ।

विप्लव ढकालका अनुसार भाषालाई व्यवस्थित गर्ने नियमलाई व्याकरणिक व्यवस्था भनिन्छ । प्रत्येक भाषाको आ-आफ्नै व्याकरणिक व्यवस्था हुन्छ । सधैँ साहित्यकार आफ्नो भाषिक अभिव्यक्तिका क्रममा सम्बन्धित भाषाका प्रचलित नियम र व्यवस्थामा बाँधिएर रहन सक्दैन । साहित्यकारले आफ्नो विशिष्ट भाषिक अभिव्यक्तिको क्रममा लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य आदि व्याकरणात्मक एकाइका नियमहरूको अतिक्रमण गर्न सक्दछ । यो अतिक्रमण नै व्याकरणिक विचलन हो (दाहाल : २०६१: ३९) ।

क्विन्टिलियनका अनुसार वाक्यमा सङ्गति र सम्बद्धता ल्यानका लागि सामान्य वाक्य योजना भत्काउनु पर्छ । उनी शब्दलाई मान्यक्रममा नराखी शैलीलाई प्रभावात्मक बनाउने सुझाव दिन्छन् । उनको यस विचारमा व्याकरणिक विचलनको अवधारण आएको छ (दाहाल, २०६१:३०) ।

यसरी लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य आदि व्याकरणात्मक कोटि तथा उपवाक्य, वाक्य आदिको प्रयोगमा हुने नियम भङ्गता वा अतिक्रमणलाई व्याकरणिक विचलन भनिन्छ । जस्तै : मेरो प्रत्येक सपनाहरू मसँग आएर कुस्ती खेल्छ (वचन विचलन) ।

उपन्यासलाई सबैभन्दा विराट र मुक्त साहित्यिक रूप मानिन्छ । यो विधा साहित्यिक क्रिया वा बन्धनमा बाधिएर बस्दैन । सबै नियम र बाधाहरूबाट मुक्त भएर रहन्छ -शर्मा, २०६२ : ४४) ।

यो भनाइबाट के स्पष्ट हुन्छ भने कुनै पनि उपन्यास अविचलित रहन सक्दैन अर्थात् विचलित नभइकन कुनै पनि उपन्यास सिर्जना हुन सक्दैन । यसरी हेर्दा **पागल-बस्ती** पनि विचलनबाट अछुतो छैन ।

**पागल-बस्ती** उपन्यासभित्र उपन्यासकारले सार्थक र प्रभावकारी ढङ्गले व्याकरणिक नियमहरूको उल्लङ्घन गर्दै व्याकरणिक विचलनयुक्त भाषाको सन्दर्भअनुसार उचित प्रयोग गरेका

छन् । **पागल-बस्ती** उपन्यासभित्र रहेका व्याकरणिक विचलनयुक्त भाषिक प्रयोगलाई निम्नानुसार देखाउन सकिन्छ ।

### १. लिङ्गगत विचलन

भाले जाति वा पोथी जाति छुट्याउने शब्दलाई लिङ्ग भनिन्छ भने लिङ्गको प्रयोगमा आउने विचलनलाई लिङ्ग विचलन भनिन्छ । जस्तैः मेरो बहिनी आई । **पागल-बस्ती** उपन्यासभित्र लिङ्ग विचलन भएको त्यति पाईंदैन । मानवीय नामको क्रिया लिङ्गभेदक हुन्छ तर मानवेतर नामको क्रियामा लिङ्गभेदकता हुँदैन । यस उपन्यासभित्र लिङ्गको तहमा भएका विचलनहरूलाई निम्नअनुसार देखाउन सकिन्छः

(क) बूढी कुकुर्नी तिनको स्वागत वा तिरष्कारमा सामान्यभन्दा चर्को स्वरले भुक्न थाल्छे ।

### २. वचनगत विचलन

भाषिक अभिव्यक्तिका क्रममा वचनका तहमा हुने विचलनलाई वचन विचलन भनिन्छ । जस्तैः मेरो सपनाहरू राम्रो छ । पागल-बस्ती उपन्यासभित्र वचनको तहमा कुनै पनि विचलन भएका वाक्य पाइएन ।

### ३. आदरगत विचलन

भाषिक प्रयोगको क्रममा स्रष्टाले आदरको तहमा गर्ने नियम भङ्गता वा अतिक्रमणलाई आदरगत विचलन भनिन्छ । जस्तै : बुवा आयो । **पागल-बस्ती** उपन्यासभित्र आदरको तहमा भएका विचलनहरूलाई निम्नअनुसार देखाउन सकिन्छ ।

क) "आदि गुरूप्रशान्त ओजस्वी वाणीमा सम्बोधन गर्न थाल्छ" पृ : १५१

### ४. कालगत विचलन

भाषिक प्रयोगको क्रममा स्रष्टाले कालको तहमा गर्ने नियम भङ्गता वा अतिक्रमणलाई कालगत विचलन भनिन्छ। जस्तै : म भोलि आउँछु। **पागलबस्ती** उपन्यासभित्र कालको तहमा भएका विचलनहरूलाई देखाउन सकिएन।

### ५. पुरुषगत विचलन

भाषिक प्रयोगको क्रममा स्रष्टाले पुरुषको तहमा गर्ने नियम भङ्गता वा अतिक्रमणलाई पुरुष विचलन भनिन्छ। **पागल-बस्ती** उपन्यासभित्र पुरुषको तहमा विचलन भएको पाईंदैन।

### ६. क्रियागत विचलन

भाषिक प्रयोगको क्रममा स्रष्टाले क्रियाको तहमा गर्ने नियम भङ्गता वा अतिक्रमणलाई क्रियापद विचलन भनिन्छ। **पागल-बस्ती** उपन्यासभित्र क्रियापदको तहमा धेरै विचलन भएको पाईंदैन। यसमा भएका क्रियापद विचलनहरूलाई निम्नअनुसार देखाउन सकिन्छ।

| क्र.सं. | विचलन | पृष्ठ |
|---|---|---|
| क | "तपाईहरू नै लस्ट मोदर्स" | २३ |
| ख | "अहिले आइ एम टोटली कन्फ्युज्ड" | ४९ |

### ७. पदक्रम विचलन

वाक्यमा प्रयोग भएर आएका शब्दहरूलाई नै पद भनिन्छ। एउटा व्याकरणका आधारमा अर्थमुक्त र पूर्ण वाक्य निर्माण गर्नका लागि वाक्यमा आएका पदहरूलाई नियमसङ्गत ढङ्गले क्रमबद्ध रूपमा प्रयोग गर्नुपर्छ। यस्ता पदहरूको रखाइ क्रमबद्ध छैन भने त्यसलाई पदक्रम विचलन भनिन्छ। **पागल-बस्ती** उपन्यासभित्र पदक्रमको हिसाबले धेरै विचलन भएको पाइन्छ। यसमा भएका विचलनहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

| क.सं. | विचलन | पृष्ठ |
|---|---|---|
| क | "गाँउ घर राम्रो लाग्छ मलाइ" | ३ |
| ख | "आधादिनको यात्रा विरेठाटीदेखि घान्द्रुकसम्म" | ५ |
| ग | "उसलाई घत परेको अभिव्यक्ति घत पर्छ मलाई" | ६ |
| घ | "खोज्न चाहन्छु कुनै पनि मूल्यमा" | १३ |
| ङ | "आण्टिको कुरा यतिखेर गुलियो नलागेर तितो लाग्छ, औषधिझैं" | ३० |
| च | "मेरो मन र मस्तिष्कमा विगत ३५ वर्षदेखि गुजुल्टिएर बसेको छ, अझिङ्गरझैं" | ३१ |
| छ | "उसलाई भेट्न आएको काठमाडौंबाट" | ३७ |
| ज | "सबै मानिसहरू आदि गुरूपटि मुख पारेर लहरै बसेका हुन्छन, पलेटी कसेर" | ५५ |
| झ | "यिनीहरूको शान्तिमा पनि भित्र भित्र एउटा आन्दोलन चलिरहेको छ, मेरै कारणले" | ५७ |
| ञ | "मैले यहाँ कुनै नयाँ कुरा खोज्न सकेकि छैन अहिलेसम्म" | ८५ |
| ट | "छोरो पनि छ तिम्रो" | ९१ |
| ठ | "यी भाउबेसाहा विगार्ने पागलहरूलाई खेद्नुपर्छ यहाँबाट" | १३१ |
| ड | "जान्दैनौ हामी त्यस्ता कुरा बौलाहाहरू पागलहरू" | १३१ |
| ढ | "खप्पर फोडीदिन्छु, म" | २२७ |
| ण | "यो त भाग्ने निहु मात्रै हो म देखि" | २२८ |

## ८. वाक्यका घटकको लोपसम्बन्धि विचलन

एउटा पूर्णवाक्य बन्नका लागि सामान्यतया कर्ता, कर्म र क्रियाको आवश्यकता पर्दछ। कर्ता, कर्म र क्रियामध्ये पनि क्रियाविना वाक्यले पूर्णता पाउन सक्दैन। वाक्यको तहमा हुने विचलनलाई वाक्यगत विचलन भनिन्छ। उपन्यासलाई उत्कृष्ट तुल्याउन उपन्यासकारले **पागल-बस्ती**भित्र थुप्रै वाक्यगत विचलनका भाषिक प्रयोग गरेका छन्। जसलाई निम्नअनुसार देखाउन सकिन्छ :

| क्र.सं. | विचलन | पृष्ठ |
|---|---|---|
| **क** | "कुराहरूका सिलसिला" | ३ |
| **ख** | "आधादिनको यात्रा विरेठाँटीदेखी घान्द्रुकसम्म" | ५ |
| **ग** | "पारि डाँडाहरूमा गुजुमुजुक्क परेका गाँउहरू" | ५ |

उपयुक्त वाक्यहरूमा लिङ्ग, वचन, पुरुष, काल, आदर, क्रिया, पदक्रम, वाक्य आदि व्याकरणिक कोटिहरूको विचलनका अवस्था पाइन्छ। उदाहरण १ को क मा भुक्न थाल्छ हुनुपर्नेमा भुक्न थाल्छे भएको छ। मानवेत्तर नामको क्रियामा लिङ्ग भेदकता हुँदैन त्यसैले यहाँ विचलन छ। उदाहरण ३ क मा थाल्नु हुन्छ हुनुपर्नेमा थाल्छ भएको छ। उदाहरण ६ को क र ख मा क्रियापदको रूपमा प्रयोग गरिएका लस्ट मोदर्स र कन्फ्युज भन्ने अंग्रेजी शब्दको प्रयोग भएको छ। यसरी अर्को भाषाले वाक्य टुङ्ग्याउने काम भएको छ। त्यसैले यहाँ क्रियापद विचलन भएको छ। उदाहरण ७ को क देखि ण सम्ममा वाक्यहरूमा कर्ता, कर्म र क्रिया तथा वाक्य र उपवाक्यबीच पदक्रम मिलेको पाईदैन। सामान्यतया नेपाली भाषामा कर्ता, कर्म  क्रिया क्रमशः आउनुपर्ने मान्यता रहेको छ। उदाहरण ८ मा आएका सम्पूर्ण वाक्यहरूमा क्रियापदको प्रयोग गरिएको छैन। नेपाली व्याकरणको नियमअनुसार पूर्ण वाक्य बन्नका लागि क्रियापद नभई हुँदैन तर उपन्यासभित्र क्रियाविहीन वाक्यहरू सार्थक रूपमा आएका छन्। यसरी हेर्दा यी वाक्यहरूमा वाक्यगत विचलनको अवस्था देखिन्छ।

यस शोधपत्रमा **पागल-बस्ती** उपन्यासमा भाषिक विचलन एक अध्ययन शीर्षक रहेको यस शोधपत्रको प्रमुख उद्देश्य **पागल-बस्ती** उपन्यासको भाषित विचलनको शैलीवैज्ञानिक अध्ययन गर्नु

रहेको छ । भाषिक विचलनअन्तर्गत पनि व्याकरणिक विचलन, कोशीय विचलन र अर्थतात्विक विचलनको सीमाभित्र मात्र बाँधिएर अध्ययन गरिएको छ । यस अध्ययनअघि पनि कृतिको वस्तुपरक अध्ययन, विश्लेषण गर्ने क्रममा विभिन्न उपन्यासकारहरूको शैलीवैज्ञानिक अध्ययन भएको पाइएतापनि भाषिक विचलनमा मात्र केन्द्रित भएर हालसम्म कसैले अध्ययन गरेको पाईंदैन । साथै यो शोधपत्रले शैलीवैज्ञानिक उपन्यासको शैलीवैज्ञानिक शिक्षण प्रक्रियामा समेत मद्धत पुग्ने हुनाले यो शोधकार्य औचित्यपूर्ण देखिन्छ ।

# चौथो अध्याय

# पागल-बस्ती उपन्यासको व्याकरणिक विचलनको अध्ययन

## ४.१ कोशीय विचलनको परिचय

"कोश" शब्दमा "ईय" प्रत्यय लागेर कोशीय शब्दको निर्माण भएको छ । "कोश" शब्दको अर्थ कुनै निश्चित क्रम, नियम, वर्ण, व्याकरणात्मक व्यवस्थाअनुसार शब्दहरू भेलापारी प्रत्येक शब्दको अर्थ लेखिएको ग्रन्थ वा शब्दकोश भन्ने बुझिन्छ । कुनै पनि भाषामा प्रचलित शब्दहरूलाई अर्थसहित सङ्ग्रहित गरेर राखेको ग्रन्थलाई शब्दकोश भनिन्छ । शब्दकोशभित्र भाषाका मानक शब्दहरू राखिएको हुन्छ तर साहित्यकारले साहित्य निर्माण गरी प्रयोग गर्छन् वा ती मानक शब्दलाई नयाँ स्वरूप प्रदान गर्छन् । यसलाई नै कोशीय विचलन भनिन्छ ।

प्रत्येक शब्दको आफ्नै जीवन र इतिहास हुन्छ । सौन्दर्यशास्त्रको व्यापक परिधिभित्र रहेर शब्दका आफ्नै परिधि र आफ्नै शक्ति, सीमाहरू हुन्छन् । साहित्यिक अभिव्यञ्जनाको सामर्थ्यलाई समष्टिगत घनत्व प्रदान गर्न असमर्थ हुन्छ र स्रष्टाको अनुभूतिको शक्तिशाली आवेगलाई संवहन गर्ने शब्द दुर्लब ठान्निछन्, त्यसबेला सौन्दर्य सङ्गतिको विशिष्ट प्रयोजनका लागि साहित्यिक कृतिमा कोशीय विचलनको प्रक्रिया आरम्भ हुन्छ । कोशीय विचलन शब्दनिर्माणको प्रक्रियामा एउटा सामान्य र अराजक रूप पनि हो (ढकाल, प्रज्ञाः १००: वर्ष २२: पूर्णाङ्कः ७८) ।

शब्दकोशमा समावेश नभएका शब्दहरू स्रष्टाले आफैँले निर्माण गर्ने वा परम्परामा रहेका शब्दलाई नयाँपनका साथ उपस्थित गराएर आफ्नो अभिव्यक्तिलाई मूर्त तथा प्रभावकारी बनाउनका लागि प्रस्तुत गरिने शब्दहरू कोशीय विचलनयुक्त शब्द हुन् (लम्साल, २०६३ : १०९) ।

सामान्यतया पहिले प्रयोगमा नआएका तथा भाषिक शब्दकोशमा समावेश नभएका शब्दहरूको सिर्जना गर्नु नै कोशीय विचलन हो । कोशमा भएका शब्दहरूले मात्र स्रष्टाको भाषिक अभिव्यक्तिको सामर्थ्यलाई बहन गर्न नसकेमा स्रष्टाले नयाँ शब्दको निर्माण गर्दछ वा पुरानै शब्दलाई नयाँ रूप दिएर प्रयोग गर्दछ भने शब्दप्रयोगको यस्तो अवस्थालाई कोशीय विचलन भनिन्छ । कोशीय विचलनका माध्यमबाट स्रष्टाले आफ्नो अभिव्यक्तिलाई प्रभावकारी ढङ्गले प्रकट गर्न

सक्दछ । **पागल-बस्ती** उपन्यासमा पनि कोशीय विचलनको अवस्था भेटिन्छ । यस उपन्यासमा प्रयोगमा आएका कोशीय विचलनयुक्त शब्दहरूलाई निम्नअनुसार देखाउन सकिन्छ ।

| **क्र.सं.** | **विचलन** | **पृष्ठ** |
|---|---|---|
| क | "तपैं रौसी नपिउने" | ८ |
| ख | "मरो हाँसोमा पूर्ण विराम लाग्छ" | १३ |
| ग | "एचिङप्रति आकर्षित हुदै" | २१ |
| घ | "जिन्दगीको मधुसञ्चय मान्न सकिन्छ" | २२ |
| ङ | "महान त्यौहारको रमझममा" | ५४ |
| च | "लालडाङ्ग्रे टोकाईबाट" | ७७ |
| छ | "म पोट्रेट बनाइदिन्छु" | ८५ |
| ज | "मसिहाइ स्वप्नसहित" | १८५ |
| झ | "मेरो अप्रितिकर उपस्थितिले" | १८९ |

माथिका उदाहरणमा आएका रेखाङ्कित शब्दहरू नेपाली शब्दकोशका मानक शब्दहरूभन्दा केही नितान्त नयाँ त केही नयाँ रूप बोकेर उपन्यासमा प्रयोग भएका छन् । यहाँ आएका शब्दहरूको क्रमश : "रौसी" शब्दले रक्सी शब्दको अर्थ बोकेर आएको छ भने "मरो" शब्दले मेरो शब्दको अर्थ बोकेर आएको छ । "एचिङ" शब्दपनि नेपाली शब्दकोशमा भेटिँदैन । यसको अर्थ यहाँ व्यक्तिको चित्र भन्ने बुझिन्छ । "त्यौहार" शब्दले कुनै चाडपर्व भन्ने जनाउँछ । "मधुसञ्चय" शब्दले राम्रो काम भन्ने अर्थ आउँछ । "लालडाङ्ग्रे" शब्दले एउटा कुनै रातो किरो भन्ने अर्थ्याउँछ ।

“मसिहाई’’ शब्दले पनि भगवान वा ईश्वर भन्ने बुझिन्छ। “अप्रीतिकर” शब्द नेपाली शब्दकोशमा भेटिँदैन। यो शब्द स्नेह वा मायाको अभाव भन्ने सन्दर्भमा आएको छ। पोटेट शब्दले शिष्य भन्ने अर्थ जनाउँछ।

यसरी हेर्दा उपयुक्त रेखाङ्कित शब्दहरूले नेपाली मानवशब्दहरूको अतिक्रमण गरेर उपन्यासमा आएको पाइन्छ। अत : यी शब्दहरू कोशीय विचलनको शब्दहरू हुन्।

# पाचौँ अध्याय

# पागल-बस्तीको अर्थतात्विक विचलनको अध्ययन

## ५.१ अर्थतात्विक विचलनको परिचय

अर्थका तह र सन्दर्भमा देखिने विचलनलाई अर्थतात्विक विचलन भनिन्छ। वाक्यले बुझाउने अभिधामूलक अर्थ नबुझाई घुमाउरो वा अन्य विशिष्ट अर्थ व्यञ्जित हुनु नै अर्थतात्विक विचलन हो। स्रष्टाले आफ्नो अभिव्यक्तिलाई प्रभावकारी र आर्कषक बनाउन वाक्यलाई व्यङ्ग्यर्थ आउने गरी प्रयोग गरेको पाइन्छ। प्रत्येक भाषामा व्याकरणात्मक नियम र कोशीय शब्दहरूको आ-आफ्नै अर्थ हुन्छ। व्याकरणिक हिसाबले र कोशीय हिसाबले आउने अर्थलाई भाषाको अभिधा अर्थ भनिन्छ। यस्ता अभिधा अर्थले बुझाउने अर्थलाई अतिक्रमण वा उल्लङ्घन गरेर भाषिक प्रयोग गरिन्छ भने त्यसलाई अर्थतात्विक विचलन भनिन्छ।

कुनै पनि शब्द वा वाक्यको अभिधामूलक वा कोशीय अर्थ नै त्यसको मानक अर्थ हो। शब्द वा वाक्यका अभिधामूलक अर्थ नआएर लक्षणात्मक, व्यञ्जनात्मक, बिम्बात्मक आदि अनेक विशिष्ट अर्थ व्यञ्जित हुनुलाई अर्थतात्विक विचलन भनिन्छ (शर्मा:२०५९:८)।

अभिधा अर्थमा मात्र सीमित रहेर साहित्यले उच्चता हासिल गर्न सक्दैन। त्यसैले अभिधाभन्दा भिन्न विशिष्ट अर्थ व्यञ्जित हुनु नै अर्थतात्विक विचलन हो। साहित्यमा अर्थगत विचलन प्रभावोत्पादक तथा सौन्दर्यमूलक ठानिन्छ किनभने त्यसमा अभिव्यक्तिको बिछट्टै नौलो सौन्दर्य झल्किएको हुन्छ (लम्साल : २०६३: १०९)।

आज त हिमाल मुसुक्क हाँस्यो। मुटुमाथि ढुङ्गा राखी हाँस्नु पऱ्या छ। हामी दुःखीका दुःखले प्रकृति अविरल रोइरहेको छ। यस्ता वाक्यमा अवचेतन वस्तु वा प्रकृतिलाई चेतन र सम्वेदनशिल जीवका रूपमा चित्रण गर्दा सर्जकले अर्थतात्विक विचलन गरेको देखिन्छ। यी अभिव्यक्तिले अनुभुतिको तीव्रता र प्रकटीकरणको सजीवता ल्याएका छन् (ढकाल, २०६५: १८४)।

सुन्दर अनि जीवन्त साहित्य सिर्जना गर्नका लागि अर्थतात्विक विचलन हुनु अनिवार्य छ। ध्वन्यात्मक आलङ्कारिक अर्थको प्रतिपादन गर्नका लागि कोशीय वा व्याकरणिक अर्थको अतिक्रमण

गर्नु पर्दछ । यसलाई नै अर्थतात्विक विचलन भनिन्छ । यो विचलनहरू मध्येका सबैभन्दा सार्थक र सौन्दर्यमूलक रूप हो ।

यस उपन्यासमा उपन्यासकारले आफ्नो कृतिलाई जीवन्त बनाउन थुप्रै अर्थतात्विक विचलनको प्रयोग गरेका छन् । जसका केही उदाहरण यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

| **क.सं.** | **विचलन** | **पृष्ठ** |
|---|---|---|
| **क** | "आवाज घाँटीमा माछाको काँडाभैँ अड्किन्छ" | १३ |
| **ख** | "म्याराथन दूरी छिचोलेको छु, हत्केलामा मुटु राखेर" | १४ |
| **ग** | "काल्पनिक सपनाको फुलबारीभन्दा यथार्थ मरूपरदेशको काँडेभारी उत्तम" | २२ |
| **घ** | "त्यतिनै खेर तिनको दृष्टि आदि गृहपट्टि लम्बिन्छ" | २४ |
| **ङ** | "आन्टीको कुरा यतिखेर गुलियो नलागेर तितो लाग्छ" | ३० |
| **च** | "म भावुकताको गणितबाट उम्केर" | ३२ |
| **छ** | "शरीरमा एउटा न्यानो गाउन सिउरेर" | ५५ |
| **ज** | "क्रोधावेशको सगरमाथाबाट ओर्लिन्छ" | ७७ |
| **झ** | "अन्नपूर्ण हिमाल शृङ्खला मानौँ खुट्टा पसारेर सानो बालक माछापुच्छ्रेलाई खेलाइरहेको हुन्छ, काखमा राखेर" | १८६ |
| **ञ** | "मसिहा आफ्नो अँजुलीमा तड्पिरहेका, छट्पटिरहेका हृदयका टुक्राहरूलाई करुणापूर्वक हेर्छ" | १९८ |
| **ट** | "हृदयलाई टुक्राटुक्रा पारेपछि आफसेआफ अहङ्कारयुक्त शैतानराज कायम हुनेछ" | १९९ |

माथिका उदाहरणमा आएका वाक्यहरू अर्थतात्विक रूपमा विचलित वाक्यहरू हुन्। जुन **पागल-बस्ती** उपन्यासभित्र प्रयुक्त छन्। उपयुक्त उदाहरणमध्ये क आवाज माछाको काँडाझैँ अड्किने र दुख्ने गर्दैन। उदाहरण ख मा हत्केलामा मुटु राखेर म्याराथुन दुरी छिचोल्न सकिँदैन। उदाहरण ग मा कल्पनामा राम्रो हुनुभन्दा यथार्थमा काँडेझाडी राम्रो मानिँदैन। उदाहरण घ मा कसैको दृष्टि लामो हुँदैन। उदाहरण ङ मा कुरा तितो र गुलियो हुँदैन। उदाहरण च मा भावुकतामा गणितको कुरै आउँदैन। छ मा शरीरमा एउटा न्यानो गाउन सिउरिन सकिँदैन, लाउन सकिन्छ। ज मा क्रोध सगरमाथाबाट ओर्लदैन। झ मा अन्नपूर्णले खुट्टा पसारेर माछापुछ्रेलाई काखमा राखेर खेलाउनै सक्दैन। ञ मा अञ्जुलीमा तड्पिरहेका, छट्पटिरहेका हृदयका टुक्राहरूलाई करुणपूर्वक राखेर हेर्न नै सकिदैन। ट मा हृदयलाई टुक्रा टुक्रा पारेपछि सैतान राज कायम हुन्छ।

माथि उदाहरण क मा पागल-बस्तीको खोजी गर्न गएका पत्रकार बामपुड्के कङ्कालै कङ्काल देखा पर्छ र भाग्न नसेकेर कराउँछ। कराउन नसकेको सङ्केत गर्छ। ख मा **पागल-बस्ती**को खोज तलासपछि पत्रकार बल्ल मूल ढोकामा उभिन पुग्छ। यसै अर्थमा यो कुराको पाउनु राम्रो हुन्छ भन्ने सङ्केत गर्छ। ग मा काल्पनिक सपना देखेर खुशी हुनुभन्दा यथार्थमा सामान्य समस्या पाउनु नै उत्तम हुन्छ भन्ने सङ्केत गर्छ। घ मा कसैलाई हेर्ने अवस्थामा उसको आँखाहरूले खोजिरहेको सङ्केत गर्छ। ङ मा पत्रकार आफ्नै लागि **पागल-बस्ती**को खोजी गर्न चाहन्छ तर आन्टी मेरो लागि भन्ने गर्नुहुन्छ। च मा भावुकताको गणितले मानिसलाई दुःख र पिडामात्र दिन्छ भन्ने सङ्केत गर्छ। छ मा मार्था उठेर हतार हतार बिग्रिएका केशराशी तह लगाउँछिन् र आदि मन्दिरको ढोका बखतमा यो परिवेश आएको हो। ज मा मार्थाले मसँग प्रतिशोध लेऊ। म त्यसलाई पापको प्रायश्चित मान्ने छु भन्दै आफ्नो क्रोध शान्त पारेको सङ्केत गर्दछ। झ मा छोरी जमुना बिरामी परेको बेला मार्था सिरानीपट्टि बसेको हुन्छ, यसै अवस्थालाई सङ्केत गर्छ। ञ मा मसिहाले मार्थाको छरिएका हृदयलाई संगालेर जोडी हेरेको सङ्केत गर्छ। ट मा जेरुसेलमबासीहरूले हृदय टुक्रा-टुक्रा पारेपछि सैतान राज कायम हुनेछ भन्ने सङ्केत गर्दछ।

# छैठौँ अध्याय

# निष्कर्ष

सरुभक्त नेपाली आख्यान साहित्यको फाँटमा सफल आख्यानकारका रूपमा चिरपरिचित नाम हो । सिर्जनशील प्रतिभा, सामर्थ्य र कलाले नेपाली साहित्य जगतमा नयाँ क्षितिज उर्घान सफल भएका छन । सरुभक्तका विभिन्न उत्कृष्ट उपन्यासहरूमध्ये **पागल-बस्ती** पनि एक हो । यस उपन्यासले नेपाली सिर्जना लोकमा एउटा अपूर्व आख्यान संरचनालाई अस्तित्त्वमा ल्याउने काम गरेको छ ।

प्रस्तुत शोध पत्रमा **पागल-बस्ती** उपन्यासमा भाषिक विचलन एक अध्ययन शीर्षक रहेको छ । प्रस्तुत शोध पत्रमा उपन्यासमा रहेको भाषिक विचलनअन्तर्गत व्याकरणिक विचलन, कोशीय विचलन र अर्थतात्विक विचलनको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । यस शोध-पत्र तयार गर्ने क्रममा आएको अलगअलग अध्यायको अध्यायगत निष्कर्ष तल प्रस्तुत गरिएको छ ।

## ६.१ पहिलो अध्यायको निष्कर्ष

यस शोधपत्रको पहिलो अध्यायमा शोधको शीर्षक, शोधको प्रयोजन, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन, अध्ययन र विश्लेषण, शोध विधि र शोधको रूपरेखा प्रस्तुत गरिएको छ ।

## ६.२ दोस्रो अध्यायको निष्कर्ष

यस शोधपत्रको दोस्रो अध्यायमा शैलीविज्ञानका सैद्धान्तिक परिचय दिइएको छ। यस अध्यायमा शैलीको परिचय, शैलीविज्ञानको परिचय, शैलीविज्ञानको सैद्धान्तिक स्वरूप तथा कृतिविश्लेषणका शैलीवैज्ञानिक आधार शीर्षकहरू समावेश गरिएको छ। जसलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।

१. शैलीवैज्ञानिक विश्लेषण पद्धति साहित्य समालोचनाको नवीनतम विधा हो ।

२. अङ्ग्रेजी भाषाको Stylistics को नेपाली रूप शैलीविज्ञान हो ।

३. उन्नाईसौँ शताब्दीको सुरुतिरबाट यो शब्द जर्मनमा प्रचलनमा आएको पाइन्छ ।

४. पूर्वीय साहित्य परम्परामा पनि शैलीको प्राचीन कालदेखि नै प्रयोगमा आएको पाइन्छ ।

५. पूर्वको ऋग्वेदमा पनि शैलीको उल्लेख भएको पाइन्छ ।

६. सन् १८८२ मा भाषाविज्ञानका सर्वप्रथम शैलीविज्ञानका प्रयोग आधुनिक किसिमले भएको पाइन्छ ।

७. शैलीविज्ञानको सोझो अर्थ शैलीको अध्ययन गर्ने विज्ञान हो तथापि साहित्यशास्त्रमा भाषाका माध्यमबाट गरिने साहित्यको वस्तुनिष्ठ आलोचना भन्ने हुन्छ ।

८. शैलीविज्ञानले भाषावैज्ञानिक उपकरणको माध्यमबाट कृतिको संरचनाको विश्लेषण गर्दछ ।

९. शैलीविज्ञानले कृतिभित्रको विशिष्ट भाषाको प्रयोगको अध्ययन गर्दछ ।

१०. पूर्वीय आचार्य पाणिनि, भामह, आनन्दबर्धन, कुन्तक, अभिनवगुप्त आदिले पनि शैलीको चर्चा गरेका छन् तर शैली शब्दको प्रयोग भने गरेका छैनन् ।

११. पश्चिममा सर्वप्रथम शैलीको प्रयोग अरस्तु गरेका छन् ।

१२. डायोनिसियसले भाषाका तहगत शैलीको चर्चा गरेका छन भने क्विन्टिलियनले भाषाको वस्तुगत विश्लेषणबाट शैलीको विवेचना गरेका छन् ।

१३. शैलीविज्ञानको उत्थान र विकासमा इलियट, रिचर्डस हर्वट, रीड, मुरे लुकास आदिको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ ।

१४. वर्णनात्मक भाषाविज्ञानका जन्मदाता फर्निनान्ड डी सस्युरले वस्तुनिष्ठ विश्लेषणको ठोस आदार प्रदान गरे ।

१५. भाषाशास्त्र र साहित्यशास्त्रको समन्वयको उपज शैलीविज्ञान हो ।

१६. शैलीविज्ञानका आधारमा कुनै कृतिको अध्ययन विश्लेषण गर्ने सन्दर्भमा विश्लेषकको क्षमता, ज्ञान, रुचि तथा लगनशिलतामा भर पर्दछ ।

१७. शैलीवैज्ञानिक आधारमा कृतिको विश्लेषण चयन, अग्रभुमि निर्माण नथा चिह्न प्रयोगको तहबाट गरिन्छ ।

१८. शैलीवैज्ञानिक कृति विश्लेषणका लागि भाषाविज्ञानका नवीनतम प्रविधिहरूको समुचित प्रयोग गरेको पाइन्छ ।

१९. शैलीविज्ञान भाषा विज्ञानको स्वतन्त्र शाखा हो ।

२०. यसले साहित्यिक कृतिको वस्तुपरक र कृतिपरक अध्ययन गर्दछ ।

## ६.३ तेस्रो अध्यायको निष्कर्ष

यस अध्यायमा व्याकरणिक विचलनको परिचयसहित **पागल-बस्ती** उपन्यासको व्याकरणिक विचलनको अध्ययन गरिएको छ । जसलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।

१. मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ ।

२. विचलनले साहित्यिक कृतिलाई पृथक, उत्कृष्ट साथै जीवन्त बनाउँछ ।

३. कुनै पनि विचलन अर्थहीन हुँदैन ।

४. व्याकरणिक नियमको उल्लङ्घन गरेर भाषाको प्रयोग गर्नुलाई व्याकरणिक विचलन भनिन्छ ।

५. व्याकरणिक विचलन व्याकरणिक कोटिहरू लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्यआदिको तहमा हुनेगर्दछ ।

६. **पागल-बस्ती** पनि व्याकरणिक विचलनको स्थिति रहेको छ, जसले कृतिलाई उत्कृष्ट बनाउन मद्धत गरेको छ ।

## ६.४ चौथो अध्यायको निष्कर्ष

यस अध्यायमा कोशीय विचलनको परिचयसहित **पागल-बस्ती** उपन्यासको कोशीय विचलनको अध्ययन गरिएको छ ।

सामान्यतया कोशको तह वा शब्दका तहमा हुने विचलनलाई कोशीय विचलन भनिन्छ । साहित्य सिर्जनाको क्रममा स्रष्टाले मानक भाषामा प्रचलित तथा शब्दकोशमा सङ्गृहीत शब्दहरूलाई नयाँ स्वरूप दिएर वा मानक शब्दको सट्टामा नयाँ शब्दको सिर्जना गरी प्रयोग गरेमा त्यस्ता अवस्थामा कोशीय विचलन हुन्छ । **पागल-बस्ती**भित्र मरो, रौसी, त्यौहारजस्ता नयाँ खालका शब्दहरूको प्रयोग गरेको पाइन्छ ।

## ६.५ पाँचौं अध्यायको निष्कर्ष

यस अध्यायमा अर्थतात्विक विचलनको परिचयसहित **पागल-बस्ती** उपन्यासको अर्थतात्विक विचलनको अध्ययन गरिएको हो ।

भाषिक अभिव्यक्तिका क्रममा अर्थको स्तरमा हुने विचलनलाई अर्थतात्विक विचलन भनिन्छ । वाक्यको अभिधामूलक अर्थ नआएर अन्य विशिष्ट अर्थ व्यञ्जित हुनु नै अर्थतात्विक विचलन हो । **पागल-बस्ती**भित्र पनि थुप्रै अर्थतात्विक रूपमा विचलित भएका वाक्यहरूको प्रयोग गरिएको पाइन्छ ।

## ६.६ भावी अनुसन्धान

अध्ययन-अनुसन्धान भन्ने कुरा कुनै एक जनाले गरेर मात्र पुग्दैन र एक पटक गरेर सकिँदैन । यो निरन्तर चलिरहने प्रक्रिया हो । **पागल-बस्ती** उपन्यासमा भाषिक विचलन एक अध्ययन विषयक यस शोधपत्र सम्बद्ध निम्नलिखित शीर्षकमा भविष्यमा अध्ययन गर्न सकिनेछ ।

क) कुनै पनि औपन्यासिक कृतिको भाषिक विचलनको शैलीवैज्ञानिक अध्ययन गर्न सकिनेछ ।

ख) कुनै पनि कथा, नाटक, निबन्ध आदि कृतिको भाषिक विचलनको शैलीवैज्ञानिक अध्ययन गर्न सकिनेछ ।

ग) कुनै पनि कविता, खण्डकाव्य, महाकाव्य आदि कृतिको भाषिक विचलनको शैलीविज्ञान अध्ययन गर्न सकिनेछ ।

# सन्दर्भग्रन्थ सूची

अधिकारी, हेमाङ्गराज (२०५३). **भाषाशिक्षण केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५३). **समसामयिक नेपाली व्याकरण**, काठमाडौँ : विद्याथी पुस्तक भण्डार ।

अधिकारी, हेमङ्गराज (२०५६). **सामाजिक तथा प्रायोगित भाषाविज्ञान**, काठमाडौँ: रत्नपुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविलाश भट्टराई (२०५६). **प्रायोगात्मक बृहत नेपाली शब्दकोश**, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

खत्री, थमनबहादुर (२०६४). **सुकरातका पाइला उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, (अप्रकाशित स्नाकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर) ।

खनाल, राजेन्द्र, (२०६१). **मुगलान उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, (अ.प्र.शो.प.त्रि.वि.) ।

गुरुङ्ग, भानुभक्त (२०६६). **दुबिधा उपन्यासको भाषिक विचलनको एक अध्ययन** । अप्रकाशित महेन्द्ररत्न क्याम्पस, ताहाचल काठमाण्डौ

गौतम, रामप्रसाद (२०६१). **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौँ : दिक्षान्त पुस्तक भण्डार

गौतम, रामप्रसाद (२०६१). **भाषिक अनुसन्धान विधि**, काठमाडौँ: दिक्षान्त पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०५४). **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ, शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज, दुर्गाप्रसाद दाहाल र अन्य (२०६३). **माध्यमिक नेपाली व्याकरण**, काठमाडौँ, एम. के. पब्लिकेशन ।

ढुङ्गेल, भोजराज, दुर्गाप्रसाद दाहाल (२०६४). **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ, एम. के. पब्लिकशन ।

दाहाल, दुर्गाप्रसाद (२०६१). **नरेन्द्रदाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, काठमाडौँ, शुनकोशी प्रकाशन ।

धमला, रितुराज (२०६१). **अनिँदो पहाडसँगै उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, (अ.प्र.शो.प.त्रि.वि.) ।

नेपाल, घनश्याम (सन् १९९२). **शैलीविज्ञान**, गान्तोक, आँकुरा प्रकाशन ।

पहाडी, चन्द्रकान्त (२०६४). **बसाइँ उपन्यासको शैलीवैज्ञानिक अध्ययन** ।

पोखरेल, बालकृष्ण र अन्य सम्पादकहरू (२०४०). **बृहत नेपाली शब्दकोश**, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चुडामणी (२०५०). **भाषाविज्ञान**, काठमाडौँ, साझा प्रकाशन ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६१). **साहित्यशास्त्र र नेपाली समालोचना**, काठमाडौँ : क्षितिज पब्लिकेसन ।

भण्डारी पारसमणि (२०६३). **स्नात्तरकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौँ, न्यू हिरा बुक्स ईन्टरप्राइजेज ।

रेग्मी, मुरारीप्रसाद (२०५०). **मनोविश्लेषणात्मक समालोचना**, काठमाडौँ, साझा प्रकासन ।

लम्साल, रामचन्द्र र साथीहरू (२०६३). **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ, भुँडीपुराण प्रकाशन ।

शर्मा, प्रशिद्धा (२०६८). **समरगाथा उपन्यासको शैली वैज्ञानिक अध्ययन,** सिन्धुली ब.क्या., सिन्धुली ।

शर्मा, मोहनराज (२०५९). **शैलीविज्ञान**, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५२). **शब्दरचना र वर्णविन्यास अभिव्यक्ति र साहित्य** (सं.) काठमाडौँ, काठमाडौँ बुक सेन्टर ।

शर्मा, मोहनराज (२०६३). **समकालिन समालोचना सिद्धान्त**, काठमाडौँ, अक्सफोर्ड ईन्टरनेशनल पब्लिकेशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३). **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

सरुभक्त (२०६८ पाँचौ सस्करण). पागल–बस्ती ,काठमाडौं, साझा प्रकाशन